दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १९४ | बुटवल | २०८२ असार २६ गते, बिहीबार | नेपाल संवत ११४५ | Thursday July. 10, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१


# शिक्षा र स्वास्थ्यमा अब्बल बुटवल






**आचार्य प्रदीप**

*बुटवल*

संघीयता कार्यान्वयनसँगै देशभर स्थानीय सरकारहरू सशक्त हुँदै गएका छन् । तिनैमध्ये एक उदाहरण बनेको छ– रुपन्देहीको बुटवल उपमहानगरपालिका। शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्राथमिकीकरण गर्दै नगरले पछिल्ला वर्षहरूमा जति काम गरेको छ, त्यसले अब उपमहानगरलाई नयाँ पहिचान दिइरहेको छ। उपमहानगरले नगरवासीका लागि 'शिक्षा र स्वास्थ्य सबैका लागि' भन्ने सिद्धान्त कार्यान्वयन गर्दै जनविश्वास जित्न थालेको छ। उपमहानगरपालिकाको पहिलो कार्यकालमा एमालेका शिवराज सुवेदी प्रमुख थिए, अहिले छन्, कांग्रेसबाट खेलराज पाण्डे ।

बुटवल उपमहानगरपालिका जनस्वास्थ्य क्षेत्रमा विशेष सक्रियता देखाउँदै आएको छ । यहाँको जनस्वास्थ्य नीतिले विशेषगरी विपन्न, अशक्त र संवेदनशील समुदायलाई केन्द्रमा राखेर कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । रक्त आपूर्तिको संवेदनशील विषयलाई समाधान गर्न नगरपालिकाले नेपाल रेडक्रस सोसाइटी ब्लड बैंक बुटवल शाखासँगको सहकार्यमा निःशुल्क रक्त सेवा प्रदान गर्दै आएको छ, जसले आपतकालीन अवस्थामा नागरिकहरूको ज्यान बचाउन मद्दत पुऱ्याएको छ । आर्थिक रूपमा कमजोर वर्गका लागि यो सेवा जीवनरक्षक सावित भएको छ।

एचआइभी संक्रमित १८ वर्ष मुनिका बालबालिकालाई मासिक तीन हजार रुपैयाँ पोषण भत्ता उपलब्ध गराउँदै नगरपालिकाले बालमैत्री शासनको स्पष्ट संकेत दिएको छ। यो कार्यक्रमले पोषण अधिकार मात्र होइन, सामाजिक संरक्षण र आत्मसम्मानको अनुभूति समेत दिलाएको बुटवल उपमहानगरपालिका प्रमुख खेलराज पाण्डेय बताउँछन् ।

त्यस्तै, मातृत्व र नवजात शिशुको सुरक्षालाई प्राथमिकता दिँदै स्वास्थ्य संस्थामा सुत्केरी हुने आमाहरूलाई दुई हजार रुपैयाँको वित्तीय सहायता प्रदान गरिँदै आएको छ, जसले सुरक्षित प्रसूतिको प्रवर्द्धनमा टेवा पुऱ्याएको छ । मातृ मृत्युदर घटाउने उद्देश्यसहित गरिएको यो कार्यक्रमले संस्थागत प्रसूतिको दर उल्लेखनीय रूपमा बढाएको देखिन्छ।

महिलाहरूको प्रजनन् अधिकार सुनिश्चित गर्न वडा नं. ११ र १२ मा सुरक्षित गर्भपतन सेवा सञ्चालन गरिएको छ। यो सेवा केवल चिकित्सा सुविधा मात्र नभई महिलाहरूको आत्मनिर्णयको सम्मानसमेत हो। त्यसैगरी, गर्भवती महिलाहरूको स्वास्थ्य परीक्षणका लागि निःशुल्क भिडियो एक्सरे सेवा सञ्चालन गरिएको छ, जसले गर्भावस्थाका सम्भावित जटिलताहरू पहिचान गर्न सजिलो बनाएको छ। प्रविधिमैत्री सेवा प्रदान गर्दै आएको यो पहल आधुनिक जनस्वास्थ्य प्रणालीको सकारात्मक अभ्यास हो।

बुटवल उपमहानगरपालिकाले क्षयरोग नियन्त्रणमा समेत उल्लेखनीय प्रयासहरू गरिरहेको छ। "टीबी अन्त्य २०३५" राष्ट्रिय लक्ष्यलाई सघाउँदै पालिकाले क्षयरोगमुक्त नगरको अभियान सञ्चालनमा ल्याएको छ, जसअन्तर्गत जनचेतना, निःशुल्क परीक्षण, पोषण सहयोग र नियमित अनुगमन समावेश छन्। यसबाहेक, क्षयरोग संक्रमित विपन्न बिरामीहरूलाई पोषण सामग्री वितरण गरिएको छ, जसले उपचारको प्रभावकारिता र निरन्तरतामा सहयोग पुऱ्याएको जनस्वास्थ्य व्यवस्थापन तथा रोग नियन्त्रण शाखा प्रमुख, युवराज पाण्डेले जानकारी दिए।

उनका अनुसार स्वास्थ्य संस्था नियमनमा पनि बुटवल उपमहानगरपालिकाले ठोस कदम चालेको छ। सन् २०८० मा तय गरिएको मापदण्डअनुसार स्वास्थ्य संस्था दर्ता, नविकरण र स्तरोन्नतिको प्रक्रिया अघि बढाइएको छ । हालसम्म झण्डै ६० संस्थालाई अनुमति प्रमाणपत्र प्रदान गरिएको छ, जसले स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धिमा सुधार ल्याएको उनले दाबी गरे ।

नगरले मातृस्वास्थ्यको क्षेत्रमा निःशुल्क प्रयोगशाला सेवा उपलब्ध गराएर रोगको प्रारम्भिक पहिचानमा सहजता ल्याएको छ । गर्भवती महिलाका लागि गरिएको यो व्यवस्था मातृ मृत्युदर न्यूनीकरणका लागि प्रभावकारी रहेको छ। यसैगरी, वृद्ध जनसंख्यालाई लक्षित गरी 'बा आमा संग स्वास्थ्य' कार्यक्रमअन्तर्गत २ हजार ६ सय जेष्ठ नागरिकको स्वास्थ्य परीक्षण तथा उपचार गरिएको छ । वृद्धमैत्री यो कार्यक्रमले समावेशी स्वास्थ्य सेवाको प्रवर्द्धन गरेको छ।

बुटवल उपमहानगरपालिका 'पूर्ण संस्थागत प्रसूति सेवायुक्त पालिका' को मान्यता प्राप्त गर्ने थोरै पालिकामध्ये एक हो। यो केवल उपाधि होइन, नगरको समग्र स्वास्थ्य सूचकाङ्कमा गुणात्मक सुधार भएको संकेत पनि हो। किशोर-किशोरीहरूका लागि पनि विशेष पहल गर्दै शहरी स्वास्थ्य केन्द्र नं. ३ लाई किशोरमैत्री केन्द्रको रूपमा प्रमाणीकरण गरिएको छ। मानसिक स्वास्थ्य, यौनिकता, पोषणजस्ता विषयमा लक्षित सेवाहरू प्रदान गर्दै यो केन्द्रले युवावर्गको समग्र विकासमा योगदान पुऱ्याएको छ।

दीर्घरोगबाट पीडित विपन्न नागरिकलाई सिफारिसका आधारमा १७ हजार रुपैयाँसम्मको नगद सहायता प्रदान गरिएको छ, जसले राज्यको सामाजिक उत्तरदायित्वलाई व्यवहारमा उतार्ने काम गरेको छ । समग्रमा नगरपालिकाका १८ वटै वडामा स्वास्थ्य केन्द्रहरू सञ्चालनमा रहेका छन्, जहाँ ६५ जना स्वास्थ्यकर्मीहरू–पारामेडिक, नर्सिङ, आयुर्वेदिक र ल्याब सेवा समेटेर–दैनिक रूपमा खटिएका छन् । जनसंख्याको अनुपातमा यो संख्या अपुग देखिए पनि सीमित स्रोतसाधनको भरपूर उपयोग गरिएको छ।

शिक्षा क्षेत्रमा आमूल परिवर्तन

बुटवल उपमहानगरपालिकाले सूचना तथा प्रविधिमार्फत् शिक्षाको प्रवर्द्धनमा विशेष ध्यान दिँदै आएको छ। नगरका विभिन्न विद्यालयहरूमा स्मार्ट बोर्ड, प्रोजेक्टर र इन्टरनेट सेवायुक्त स्मार्ट कक्षा सञ्चालनमा ल्याइएको छ। साथै, शिक्षकहरूको प्रविधिमैत्री शिक्षण क्षमता अभिवृद्धिका लागि ICT तालिमहरू प्रदान गरिएको छ । स्थानीय डिजिटल प्लेटफर्म 'मेरो शिक्षा' मार्फत् पाठ योजना, सिकाइ सामग्री र अभ्यासका साधनहरू उपलब्ध गराइएका छन् ।

शिक्षकहरूको पेशागत विकासमा जोड दिँदै निरन्तर तालिम कार्यक्रम, विद्यालय अनुगमन, परामर्श र कार्यसम्पादन मूल्याङ्कन प्रणालीको अभ्यास सुरु गरिएको छ । शिक्षा समावेशी र पहुँचयुक्त बनाउन अपाङ्गतामैत्री संरचना, छात्रवृत्ति कार्यक्रम, बाल संरक्षण र लैङ्गिक समानता सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिएका छन् ।

प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीअन्तर्गत विद्यालय प्रगति मूल्याङ्कन तथा शिक्षा गुणस्तर सूचकांकको अभ्यास गरिँदै आएको शिक्षा शाखा प्रमुख टिकाराम पन्थी बताउँछन् ।

उनका अनुसार नवप्रवर्तनलाई प्रोत्साहन गर्न शैक्षिक नवप्रवर्तन पुरस्कार तथा मेला सञ्चालन गरिएको छ । नगरले २०७६-८१ सम्मको पाँच वर्षे शिक्षा योजना निर्माण गरी कार्यान्वयन गरेको छ भने दोस्रो योजना मस्यौदा अन्तिम चरणमा पुगेको छ। कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम विकास गरी कार्यान्वयन गरिएको छ । बालविकास कक्षाको स्तरीकरण, विज्ञान प्रयोगशाला र कम्प्युटर ल्याबको स्थापना, शिक्षक तथा कर्मचारीका लागि नियमित तलब-भत्ताको व्यवस्था, अनुदान शिक्षक कोटा व्यवस्थापन तथा मासिक प्रोत्साहन प्रणाली सञ्चालनमा छन्।

शिक्षा क्षेत्रमा उत्कृष्ट योगदान गर्नेहरूलाई नगर स्थापना दिवसको अवसरमा सम्मान गरिन्छ। नगरको वार्षिक प्रकाशन 'शैक्षिक दर्पण' मार्फत् शैक्षिक कार्यक्रमहरूको पारदर्शिता र दस्ताबेजीकरण गरिन्छ। 'नगर प्रमुख विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम' अन्तर्गत पूर्वाधार निर्माण तथा मर्मत गरिएको छ। साथै, धार्मिक विद्यालयलाई वार्षिक अनुदान र छात्रवृत्ति वितरणमा पारदर्शिता कायम गरिएको छ।

संस्थागत विद्यालय वर्गीकरण, दरबन्दी मिलान र विद्यालयस्तरीय लोकनृत्य तथा खेलकुद प्रतियोगिता आयोजना गरिएको छ। निजी विद्यालयहरूको शुल्क संरचना व्यवस्थापन तथा वृद्धि प्रक्रियामा नियन्त्रण गर्दै अभिभावकको हित सुरक्षित गरिएको छ। "शिक्षामा अब्बल, हाम्रो बुटवल" परिकल्पनाअन्तर्गत विद्यालयको समग्र विकासमा जोड दिइएको छ। विद्यालयहरूको न्यूनतम मापदण्ड अनुरूप पूर्वाधार विकास, 'छोरी पढाऔं, समाज बनाऔं' कार्यक्रमअन्तर्गत छात्रालाई निःशुल्क BTI मा अध्ययन सुविधा, स्थानीय बालबालिकालाई प्राथमिकता र प्रधानाध्यापक सरुवा नीति लागु गरिएको छ । 'नगरप्रमुख शैक्षिक सुधार कोष' स्थापना गरी असहाय विद्यार्थीलाई छात्रवृत्ति, पोशाक, सामग्री उपलब्ध गराइएको छ । बीटीआइलाई उपमहानगरको मातहत ल्याउने पहल र प्राविधिक विषयहरूमा उच्च शिक्षाको विस्तारको तयारी भइरहेको छ। फरक क्षमताका बालबालिकाका लागि विशेष शिक्षा कार्यक्रम तथा व्यवसायिक शिक्षाको पहुँच विस्तार गरी स्वरोजगारमुखी शिक्षामा ध्यान दिइएको छ । बालमैत्री, छात्रामैत्री र अपाङ्गमैत्री वातावरण निर्माण गर्दै बालविकास केन्द्रहरूको सुदृढीकरणमा पहल गरिएको छ।

शैक्षिक सम्मेलन तथा करियर काउन्सिलिङ कार्यक्रम सञ्चालन गरी विद्यार्थीको भविष्य निर्माणमा सहयोग पुऱ्याउने लक्ष्य राखिएको छ। सामुदायिक विद्यालयमा डिजिटल शिक्षाको विकास, निजी विद्यालयमा १० प्रतिशत छात्रवृत्ति अनिवार्य लागू, विपन्न बालबालिकालाई निःशुल्क पोशाक वितरण, शिक्षक र कर्मचारीको क्षमता विकास तथा दरबन्दी समायोजन, छात्रवृत्ति वितरणमा एकद्वार प्रणाली लागू गरिँदैछ।

स्थानीय पाठ्यक्रम परिमार्जन गर्दै बुटवलको जातीय, भाषिक र सांस्कृतिक पहिचान समेटिएको विषयवस्तु विकास गरिँदैछ । बालशिक्षा दरबन्दी सिर्जना तथा समावेशी नियुक्ति नीति, विद्यालय खाजा कार्यक्रम, छात्राहरूलाई सेनेटरी प्याड वितरण, संस्थागत विद्यालय वर्गीकरण र न्यूनतम मापदण्डअनुसार सञ्चालनको नीति कार्यान्वयन हुँदैछ।

विद्यालयस्तरमै सुरक्षित मातृत्व, नवजात शिशु स्वास्थ्य र पोषण सेवा प्रवर्द्धन गरिँदैछ । अन्ततः 'एक विद्यार्थी एक बैंक खाता' नीतिको कार्यान्वयनमार्फत बालबालिकामा बचत संस्कारको विकास र वित्तीय साक्षरता प्रवर्द्धन गरिने लक्ष्य रहेको छ।

शिक्षा प्रणालीको सुदृढीकरण बुटवल उपमहानगरपालिकाको प्राथमिक कार्यसूचीमा परेको छ। नगरभित्रका सबै सामुदायिक विद्यालयमा भौतिक पूर्वाधार सुधार, स्मार्ट कक्षा कोठा स्थापना, ICT प्रयोग, पठनपाठनमा नवीनता र व्यवस्थापनमा पारदर्शिता ल्याइएका छन्।

शिक्षा शाखा प्रमुख टिकाराम पन्थी भन्छन्-'बुटवलमा अब विद्यालयमा गएर पढ्न चाहने बालबालिकाका लागि कुनै अभाव छैन। सबै विद्यालयमा आधारभूत भौतिक संरचना, शिक्षकको उपस्थिति, शिक्षण सिकाइ गतिविधि र बालमैत्री वातावरणको प्रत्याभूति गरिएका छन्।'

उनका अनुसार उपमहानगरका अधिकांश विद्यालयमा डिजिटल बोर्ड, ICT ल्याब, पुस्तकालय, विज्ञान प्रयोगशाला जस्ता संरचनाहरू थपिएका छन् । विद्यार्थी केन्द्रित सिकाइ विधिहरू अपनाइएका छन् भने शिक्षकहरूलाई नियमित तालिम प्रदान गरिन्छ।

नगरप्रमुख खेलराज पाण्डेय भन्छन्-'हामीले शिक्षा क्षेत्रको दीर्घकालीन योजना बनाएका छौं । गुणस्तरीय शिक्षा प्रवाह गर्नु हाम्रो दायित्व हो । त्यसका लागि हामीले विद्यालय व्यवस्थापन समितिदेखि शिक्षक, विद्यार्थी र अभिभावक सबैसँग समन्वय गरेर अगाडि बढिरहेका छौं।'

साथै, शिक्षा शाखाको समन्वयमा हरेक विद्यालयमा बाल क्लब सक्रिय गरिएका छन् । बालमैत्री शिक्षा, किशोरी मैत्री कार्यक्रम, पोषण सचेतना कक्षा, मानसिक स्वास्थ्य सचेतना कक्षा लगायत कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन भइरहेका छन् ।

**स्वास्थ्यमा पहुँच, गुणस्तर र नवप्रवर्तन**

स्वास्थ्य क्षेत्रको सुधारमा पनि बुटवल उपमहानगरपालिका अग्रसर छ। नगरले 'स्वस्थ नागरिक, समृद्ध नगर' भन्ने अभियानअन्तर्गत जनस्वास्थ्य सेवा विस्तार, पहुँच वृद्धि र नविन कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

जनस्वास्थ्य शाखा प्रमुख युवराज पाण्डे भन्छन्-'हामी जनताको घरदैलोमै स्वास्थ्य सेवा पुऱ्याउन कटिबद्ध छौं । प्राथमिक स्वास्थ्य सेवा सबैका लागि सुलभ बनाउने हाम्रो उद्देश्य हो । त्यसैले हामीले मोबाइल क्लिनिक, स्वास्थ्य शिविर, मानसिक स्वास्थ्य परामर्श सेवा, पोषण कार्यक्रम, किशोरी मैत्री सेवा जस्ता कार्यक्रमहरू सञ्चालन गरेका छौं।'

बुटवल उपमहानगरपालिकाले १६ वटा स्वास्थ्य संस्थामार्फत् सेवा दिइरहेको छ। प्रत्येक वडामा स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रहरू सक्रिय छन्। मातृ तथा शिशु स्वास्थ्य, निःशुल्क औषधि वितरण, खोप सेवा, परिवार नियोजन सेवा लगायतका कार्यक्रमहरू नियमित रूपमा सञ्चालन भइरहेका छन्।

उपमेयर साबित्रा अर्याल भन्छिन्-'महिला र बालबालिकाको स्वास्थ्यमा हामीले विशेष जोड दिएका छौं। किशोरी स्वास्थ्य, महिनावारी व्यवस्थापन, पोषण कार्यक्रम, आमा समूह सशक्तिकरणजस्ता कार्यक्रमहरू नगरका सबै वडामा पुऱ्याएका छौं।'

**सहकार्य, सुशासन र पारदर्शिताका आधारमा विकास**

प्रमुख प्रशासकीय अधिकृत मित्रमणि खनाल भन्छन्-'शिक्षा र स्वास्थ्यमा देखिएको सुधार आकस्मिक होइन, यो योजनाबद्ध र समन्वयात्मक प्रयासको परिणाम हो। हामीले सुशासनलाई आधार बनाएर बजेटको पारदर्शी उपयोग, अनुगमन र मूल्यांकनमा प्राथमिकता दिएका छौं।' बुटवल उपमहानगरपालिकाको शिक्षा तथा स्वास्थ्यसम्बन्धी बजेट अघिल्ला वर्षहरूमा भन्दा धेरै गुणा बढाइएको छ। विकास साझेदारसँगको सहकार्य, संघीय र प्रदेश सरकारसँग समन्वय गर्दै स्थानीय जनशक्ति र स्रोतको अधिकतम उपयोगमार्फत् बुटवलले उदाहरणीय काम गर्न सफल भएको छ।

# भैरहवा भन्सारमा एजेन्टको ढिलासुस्ती, सर्भरलाई दोष



**मोहम्मद हबिब**

*भैरहवा*

उद्योगी व्यवसायीले भैरहवा भन्सार कार्यालयको सर्भर डाउनले मर्कामा परेको बताएपनि भन्सार एजेन्ट र उनका प्रतिनिधिको कारण पनि उद्योगी व्यवसायीहरु मर्कामा पर्ने गरेको भन्सार कार्यालयको दाबी छ।

सिद्धार्थ उद्योग वाणिज्य संघ रुपन्देहीले भैरहवामा आयोजना गरेको भन्सार सहजीकरण सम्बन्धि अन्तरक्रिया कार्यक्रममा बोल्दै उद्योगी व्यवसायीहरुले भन्सारको सिस्टमका कारण आफुहरुले अतिरिक्त शुल्क तिर्नुपरेको बताए। उनीहरुले भन्सार प्रशासन र इन्टरमोडलको काम सर्भरमा आधारित रहेकोले सर्भर डाउन हुँदा आयात-निर्यात गर्ने व्यवसायीहरुले हैरानी खेपीरहेको बताए।

सर्भर भन्सारको समस्या हो, तर त्यसको जरिवाना व्योहोर्नु पर्दा लागत बढी पर्ने गरेको उद्योगी व्यवसायीहरुले बताए । भन्सार कार्यालयले आयात-निर्यात गर्दा प्रयोग हुँदै आएको मुख्य डिजिटल प्रविधि सफ्टवेयर आशिकुडा वर्ल्ड हो, यो विश्वको सय बढी देशले प्रयोग गरेता पनि नेपालमा बेला बेलामा सर्भर जाने समस्या आउने गरेको उद्योगी व्यवसायीहरुको तर्क छ। व्यवसायीहरुले भन्सार बिन्दूमा समस्या, अनावश्यक चेकिङ, कर्मचारीको ढिलासुस्ती, र पार्किङमा समस्या रहेको अवगत गराएका थिए।

तर भैरहवा भन्सार कार्यालय वर्षको २-३ दिन बाहेक यो सिस्टममा लामो समय सर्भर जाने समस्या नरहेको दाबी छ। भैरहवा भन्सार कार्यालयका प्रमुख रामप्रसाद रेग्मीले बजेटको समयमा २ दिन र केही समय पहिला एक दिन मात्रै सर्भरमा समस्या आएको बताए । अन्य समयमा त्यस्तो लामो समय समस्या नआउने गरेको उनले जनाए।

'भन्सारका एजेन्टहरु सीमित छन्, उहाँहरुले खटाएको प्रतिनिधिहरुले समयमा प्रज्ञापन नचढाइ ढिलासुस्ती गर्दा उद्योगी व्यवसायीहरु भन्सारलाई दोष दिने गरेका छन्।'-उनले भने। समयमा इन्ट्री भएको सबै मालबस्तु भन्सार पास सोही दिन भएको छ, कागजपत्र नमिलेको, भुक्तानी र अन्य कारणले भन्सार पास नहुँदा त्यसको दोष भन्सार एजेन्ट र उनका प्रतिनिधिहरुले सर्भरमा समस्या छ भन्दै उद्योगी व्यवसायीहरुलाई दिने गरेको बताए।

उद्योगी व्यवसायीहरुले पनि कस्तो एजेन्टबाट काम गराउने भन्नेबारे अब सोंच्नुपर्ने उनले जनाए। एजेन्टबाट गराउने वा उनका प्रतिनिधी, कर्मचारीबाट ढिलासुस्ती हुँदा भन्सार दोषी नरहेको उनले भने । हो कहिले काही समस्या केही समय आउँछ त्यो भैरहवा भन्सार कार्यालयमा मात्रै नभई नेपालका सबै भन्सार कार्यालयमा सर्भर जाने हो तर दिनभरि नै समस्या नआएको उनले दाबी गरे।

» बाँकी २ पेजमा

# कांग्रेस लुम्बिनी महामन्त्री पार्टीबाट निस्काशित



बुटवल। नेपाली कांग्रेस लुम्बिनी प्रदेशका महामन्त्री विक्रम खनाललाई पार्टीको अनुशासन आयोगले एक वर्षका लागि पार्टीबाट निस्काशित गरेको छ।

गत आम निर्वाचनमा पार्टीका उम्मेदवारलाई असहयोग गरेको प्रमाणका आधारमा पार्टी सदस्यताबाट निस्काशन गर्ने निर्णय भएको नेपाली कांग्रेस केन्द्रीय अनुशासन समिति संयोजकले पठाएको पत्रमा उल्लेख छ । अनुशासन समिति संयोजक आनन्दप्रसाद ढुंगानाले महामन्त्री खनाल र लुम्बिनी प्रदेश सभापतिलाई सम्बोधन गरेर पठाएको पत्रमा अनुशासन समितिको असार १७ गते वसेको बैठकको निर्णयअनुसार प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचन २०७९ मा पार्टीको आधिकारिक उम्मेदवारलाई असहयोग गरेको भनी परेको उजुरीमा स्पष्टिकरण सोधिएको, तर स्पष्टिकरण चित्तबुझ्दो नदेखिएकोले उपलब्ध प्रमाणको आधारमा नेपाली कांग्रेसको विधान २०१७ (संशोधनसहित) धारा ३४ को उपधारा १ (क) (ख) र (घ) र उपधारा ८ (ङ) बमोजिम १ (एक) वर्षको लागि नेपाली कांग्रेसको सदस्यताबाट निस्काशन गर्ने निर्णय भएको उल्लेख गरेका छन् । उक्त निर्णयको बोधार्थ नेपाली कांग्रेस, जिल्ला कार्यसमिति, नवलपरासी सभापति, नेपाली कांग्रेस, प्रतिनिधिसभा निर्वाचन क्षेत्र १ क्षेत्रीय कार्यसमिति, नेपाली काग्रेस प्रदेशसभा निर्वाचन क्षेत्र नं. १(१) कार्यसमिति र नेपाली कांग्रेस बर्दघाट नगर कार्यसमिति सभापतिलाई दिइएको छ।

अनुशासन समितिले गरेको कारबाहीबारे महामन्त्री खनालले यो कारबाही टिप्पणी गर्न लायक नभएको प्रतिक्रिया दिए।

खनालमाथि गत चुनावमा उम्मेदवार रहेका नेपालका अर्बपति उद्योगी विनोद चौधरीलाई हराउन भूमिका खेलेको पार्टी संस्थापन पक्षको आरोप थियो । तर खनालले पहिल्यैदेखि आरोपको खण्डन गर्दै आएका थिए। चौधरी उक्त निर्वाचनमा विजयी भएका थिए । कारबाहीमा परेका खनाल संस्थापन इतरका हुन्।

## सम्पादकीय

# स्वास्थ्य र शिक्षाको केन्द्र बन्न सक्छ बुटवल

बुटवलको व्यापार पहिलेभन्दा खस्केपछि भविष्यबारे छलफल हुन थालेको छ । व्यवसायिक संघ-संस्थाहरुले खस्केको व्यापार उकास्न छलफल चलाए पनि त्यसको अपेक्षित नतिजा निस्कन सकेको छैन । व्यापार खस्कनुको कारण खोजेर समस्या समाधानको ठोस पहल हुनुपर्नेमा छलफलका श्रृखंला चलाएर मात्रै हुँदैन ।

प्रदेश राजधानी बुटवलबाट राप्ती उपत्यका जाँदा यहाँको व्यापार ओरालो लागेको भन्ने निष्कर्ष निकालेर समस्या समाधानको सही विन्दुमा पुग्न सकिँदैन । मुख्य कारण अरु नै छन्, धेरै कारणमध्येको सहायक कारण प्रदेश राजधानी यहाँबाट सर्नु हो । खासमा यहाँ व्यवसायीटिक्ने वातावरण भएन् । व्यवसायीले व्यवसाय गर्न सक्ने वातावरण भनेको घरभाडा, उपभोक्तालाई सहज आवागमनको लागि सडक र पार्किङ् हुनुपर्छ । घरभाडा अचाक्ली महँगो भएपछि विस्तारै बुटवलबाट बाहिर निस्कन बाध्य भए व्यवसायी । राजमार्ग चौराहादेखि गोलपार्कसम्मको अस्तव्यस्त सडकले यहाँ बाहिरबाट उपभोक्ता आउन सकेनन् । लामो समयसम्म सहरको सडक अस्तव्यस्त हुँदा व्यापार चौपट हुन्छ भन्ने हेक्का कसैलाई भएन् । कोभिड महामारीले थला परेको व्यापारका बारेमा जानकार हुँदाहुँदै यहाँका धरधनीले सटर भाडामा सहुलियत दिएर व्यवसायीलाई टिकाउन पटक्कै ध्यान दिएनन् । उद्योगी व्यापारीका नेताहरुको घरमा बसेका व्यवसायीले पनि राहत पाउन सकेनन् । सहरमा पार्किङको चर्को समस्या छ । पार्किङ व्यवस्थापनमा पटक्कै ध्यान पुगेन् ।

अहिले सहरका सटर धमाधम खाली हुन थालेपछि बल्ल बुटवललाई कसरी गुल्जार बनाउने भन्ने चिन्ता हुन थालेको छ । सटरको चर्को भाडा घटाएर व्यवसायीलाई टिक्ने वातावरण बनाउन सक्दा सहर गुल्जारको सुरुवात हुनसक्छ । आर्थिक मन्दीको मारमा सिंगो देश परिरहेका बेला बुटवल पनि पर्ने नै भयो । देश आर्थिक मन्दीबाट मुक्त हुँदा बुटवलले मुक्ति पाउँछ कि पाउँदैन भन्ने प्रश्न महत्वपूर्ण छ । तसर्थ बुटवलमा व्यापार गरेर कमाउन सक्ने वातावरण छ भन्ने अनुभूति व्यापारीलाई हुनुपर्छ ।

भरतपुर पछिल्ला केही वर्षयता स्वास्थ्यको हब भएको छ । केही मेडिकल कलेज र अस्पतालको स्थापनाले चितवन मेडिकल हबको पहिचान बनाउन सफल भयो । बुटवल पनि शिक्षा र स्वास्थ्यको हब बन्न सक्छ । अहिले देशका उत्कृष्ट दश विद्यालयमध्ये कालिका मानवज्ञानसहित केही विद्यालय बुटवलका हुनु यहाँको गौरव हो । वर्षेनी देशभरबाट ठूलो संख्यामा बुटवलका विद्यालय अवलोकन गर्न आउँछन् ।

संस्थागत विद्यालयमा पनि बुटवल उत्कृष्ट भइरहेको छ । यहाँका शैक्षिक संस्थामा अध्ययन गर्ने विद्यार्थी स्थानीय मात्रै नभई विभिन्न जिल्लाबाट आएका हुन् । बुटवललाई गुल्जार बनाउन यहाँका शैक्षिक संस्थाको महत्वपूर्ण योगदान रहेको छ ।

त्यसैगरी, स्वास्थ्यमा पनि बुटवलले फड्को मार्दैछ । अत्याधुनिक सुविधासहित १२ सय शैयामा बन्न लागेको लुम्बिनी प्रादेशिक अस्पतालले आशा जगाएको छ । यो अस्पताललाई गुणस्तरीय सेवा सहित सञ्चालन गर्न सक्दा बुटवल स्वास्थ्यको हब बन्न सक्छ ।

उकालो लागिरहेको शिक्षा र स्वास्थ्यलाई ब्राण्डिङ गरेर बुटवल उपमहानगरले बजारलाई गुल्जार बनाउन सक्छ । निराश होइन्, केही गर्न सकिन्छ र हुँदैछ भन्ने आशाको दियो बाल्न आवश्यक छ ।

# बुटवलको जनस्वास्थ्यमा नीतिगत प्रगतिः एक प्रतिविम्ब



युवराज पाण्डेय

स्वास्थ्य कुनै पनि नगरको सामाजिक समावेशीता, आर्थिक समृद्धि र दीगो विकासको मेरुदण्ड हो । स्थानीय सरकारहरूको अधिकार विस्तारसँगै नेपालमा नगरपालिका तहमै आधारभूत स्वास्थ्य सेवाहरूको पहुँच, गुणस्तर र समावेशीतालाई केन्द्रमा राखेर काम गरिन थालिएको छ । यस सन्दर्भमा बुटवल उपमहानगरपालिका जनस्वास्थ्य शाखाले विगत केही वर्षमा देखाएको सक्रियता र नीतिगत हस्तक्षेपहरू गम्भीर मूल्याङ्कनका लागि उदाहरणीय छन् । विकेन्द्रीकृत शासन प्रणालीको मुख्य उद्देश्य जनताको नजिकबाट सेवा प्रवाह गर्नु हो । स्वास्थ्य क्षेत्रमा यो अझ संवेदनशील र आवश्यक पक्ष हो, जहाँ ढिलासुस्ती वा अनदेखीको प्रत्यक्ष प्रभाव नागरिकको जीवनसँग जोडिन्छ ।

१. रगत आपूर्तिमा सहज पहुँचः जीवन रक्षाको आधारशिला

नगरवासीहरूलाई स्वास्थ्य आपत्कालमा तत्काल रक्त आपूर्ति सुनिश्चित गर्न बुटवल उपमहानगरपालिकाले नेपाल रेडक्रस सोसाइटी ब्लड बैंक बुटवल शाखासँगको सहकार्यमार्फत् निःशुल्क सेवा प्रदान गर्दै आएको छ । यो नीति खासगरी आर्थिक रूपमा कमजोर वर्गका लागि जीवनरक्षक सावित भएको छ ।

नागरिकहरूको स्वास्थ्य सुरक्षामा स्थानीय सरकार स्वयं प्रत्यक्ष रूपमा अग्रसर भई रक्त आपूर्ति जस्तो संवेदनशील सेवा निःशुल्क रूपमा उपलब्ध गराउनु स्थानीय सरकारको संवेदनशीलता र प्रतिबद्धताको प्रतीक हो ।

२. एचआइभी संक्रमित बालबालिकालाई लक्षित सामाजिक संरक्षण कार्यक्रम

१८ वर्ष मुनिका एचआइभी संक्रमित बालबालिकालाई मासिक रु. ३,००० पोषण खर्च प्रदान गर्ने कार्यक्रमले बुटवल उपमहानगरपालिकाको समावेशी स्वास्थ्य दृष्टिकोणलाई स्पष्ट पार्दछ । यो नीति न केवल पोषण अधिकारको संरक्षणमा केन्द्रित छ, तर बालमैत्री शासनको उदाहरण पनि हो ।

यसले 'no one left behind' भन्ने दीगो विकास लक्ष्य (SDG) को मूलमन्त्रलाई व्यवहारमा उतार्ने प्रयासका रूपमा बुझ्न सकिन्छ ।

३. सुरक्षित मातृत्व र नवजात शिशु संरक्षण

नगर प्रमुख स्वस्थ शिशु पोषण कार्यक्रमअन्तर्गत स्वास्थ्य संस्थामा सुत्केरी भएका आमाहरूलाई वडा तहबाटै रु. २,००० दिने नीति सच्चा अर्थमा स्थानीय सरकारको मातृत्व अनुकुल नीति हो । यसले मातृ मृत्युदर घटाउनेतर्फ मात्र हैन, संस्थागत प्रसूति सेवाको प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेको छ ।

स्वास्थ्य संस्थामा सुरक्षित प्रसूति गराउने परिपाटी निर्माण गर्नु मातृ-शिशु जीवनको गुणस्तर बढाउने सबल कदम हो ।

४. सुरक्षित गर्भपतन र प्रजनन् अधिकारको संरक्षण

वडा नं. ११ र १२ का स्वास्थ्य संस्थाबाट सुरक्षित गर्भपतन सेवा सुरु गरिएको छ । यो कार्यक्रम महिलाको प्रजनन् अधिकारको सम्मान र स्वास्थ्य सुरक्षाको संवर्द्धनमा लक्षित छ । सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउनु केवल एक सेवा होइन, यो महिलाहरूको निर्णय स्वायत्तताको प्रत्याभूति हो ।

नेपाल सरकारको नीतिअनुसार स्थानीय सरकारमार्फत् यस्तो सेवा प्रवाह हुनु लैंगिक न्यायतर्फको सकारात्मक प्रगति हो ।

५. स्वास्थ्य प्रविधिमा पहुँचः निःशुल्क भिडियो एक्सरे सेवा

गर्भवती महिलाको स्वास्थ्य निगरानीमा अत्यावश्यक भिडियो एक्सरे सेवा बुटवल उपमहानगरपालिकाले पूर्णरूपमा निःशुल्क प्रदान गर्दै आएको छ । यो प्रविधिको सहज पहुँचले गर्भावस्थाको जटिलतालाई पहिल्यै पत्ता लगाउन सघाएको छ । जनस्वास्थ्य नीतिमा प्रविधिको समावेशले सेवाको प्रभावकारिता बढाउनेछ भन्ने कुराको ठोस उदाहरण हो, यो सेवा ।

६. क्षयरोगमुक्त पालिका अभियान

"टीबी अन्त्य २०३५" राष्ट्रिय लक्ष्यलाई सघाउँदै बुटवल उपमहानगरपालिकाले क्षयरोगमुक्त पालिका अभियान आरम्भ गरेको छ । यस अभियानअन्तर्गत जनचेतना, निःशुल्क परीक्षण, पोषण सहयोग र अनुगमनलाई समाहित गरिएको छायी प्रयासहरूले क्षयरोग नियन्त्रण नीतिको स्थानीयकरण भएको देखाउँछ ।

७. स्वास्थ्य संस्था नियमन र स्तरोन्नति

सन् २०८० मा बनाइएको मापदण्डअनुसार बुटवल उपमहानगरपालिकाले स्वास्थ्य संस्था दर्ता, नविकरण र स्तरोन्नतिको कार्य विधिवत अगाडि बढाएको छ । करिब ६० वटा संस्थालाई अनुमति प्रमाणपत्र प्रदान गरिनुले यो क्षेत्रीय नियमनमा सुधार भएको देखिन्छ । स्वास्थ्य क्षेत्रमा गुणस्तर कायम राख्न यस्तो नियमन अपरिहार्य हो ।

८. क्षयरोग बिरामीका लागि पोषण सामग्री वितरण

विपन्न, कुपोषित र अति आवश्यक वर्गका क्षयरोग संक्रमित बिरामीलाई पोषण सामग्री वितरण गर्नु उपचारको सफलताको अनिवार्य पाटो हो । यसको नीति-प्रेरणा मात्र 'स्वास्थ्य सेवा' होइन, यो 'पोषण न्याय' र सामाजिक सुरक्षाको संयोजन हो ।

९. निःशुल्क प्रयोगशाला सेवा

गर्भवती महिलालाई लक्षित गरी सुरु गरिएको निःशुल्क प्रयोगशाला सेवा गुणस्तरीय पूर्व-रोग पहिचान नीति कार्यान्वयनतर्फको ठूलो सफलता हो। मातृ स्वास्थ्य सेवामा पूर्वजानकारीले ज्यान बचाउने सम्भावना बढाउँछ, जसको आर्थिक मूल्यभन्दा मानवीय मूल्य धेरै ठूलो छ ।

१०. जेष्ठ नागरिकको स्वास्थ्य पहुँच

"बा आमासँग स्वास्थ्य" कार्यक्रमअन्तर्गत करिब २,६०० जेष्ठ नागरिकलाई स्वास्थ्य परीक्षण र उपचार प्रदान गरिएको छ । वृद्ध जनसंख्याको बढ्दो उपस्थितिमा यस्तो पहल वृद्धमैत्री शासनको संकेत हो । समाजका सबै तह र उमेरलाई ध्यानमा राख्ने जनस्वास्थ्य नीति भनेकै समावेशी नीति हो ।

११. पूर्ण संस्थागत प्रसूति सेवायुक्त पालिकाको घोषणा

बुटवल उपमहानगरपालिका देशकै केही सीमित पालिकाहरूमध्ये एक हो, जसले 'पूर्ण संस्थागत प्रसूति सेवायुक्त पालिका' को मान्यता पाएको छ । यो केवल संस्थागत उपाधि होइन, नगरको स्वास्थ्य सूचकांकमा गौरवपूर्ण फड्को हो ।

१२. किशोर किशोरीमैत्री स्वास्थ्य केन्द्रको प्रमाणीकरण

शहरी स्वास्थ्य केन्द्र नं. ३ लाई किशोर किशोरीमैत्री केन्द्रका रूपमा प्रमाणीकरण गरिनु विकासोन्मुख नगरमा किशोर स्वास्थ्यप्रति ध्यान दिनु भन्ने सन्देश हो । यौनिकता, मानसिक स्वास्थ्य र पोषणको प्रश्नमा किशोर-किशोरी लक्षित कार्यक्रमले समग्र मानव विकासमा योगदान पुऱ्याउँछ ।

१३. दीर्घ रोगी बिपन्न नागरिकलाई आर्थिक सहयोग




विपन्न नागरिकहरूमा सिफारिसका आधारमा दीर्घ रोगीहरूलाई रु. १७,००० सम्मको नगद भुक्तानी प्रदान गर्ने व्यवस्था केवल आर्थिक सहयोग होइन, यो स्वस्थ जीवनप्रति राज्यको उत्तरदायित्वको व्यवहारिक प्रतिविम्ब हो ।

१४. स्वास्थ्य सेवा संरचना र स्रोत साधन व्यवस्थापन

बुटवल उपमहानगरपालिका अन्तर्गत १८ वटै वडामा स्वास्थ्य केन्द्रहरू सञ्चालनमा छन् । करिब ६५ जना स्वास्थ्यकर्मी – पारामेडिक, नर्सिङ, आयुर्वेदिक र ल्याब सेवासहित – दैनिक सेवा प्रवाहमा खटिएका छन् । जनसंख्याको अनुपातमा हेर्दा यो संख्या अझ विस्तारयोग्य देखिए तापनि स्थानीय स्रोतको सीमामा भरपुर उपयोग भएको देखिन्छ ।

बुटवल उपमहानगरपालिका जनस्वास्थ्य शाखाले स्थानीय सरकारको क्षमता, संवेदनशीलता र नीतिगत प्रतिबद्धताको ज्वलन्त उदाहरण प्रस्तुत गरेको छ । स्वास्थ्य सेवा वितरणका संरचनागत पहल, लक्षित वर्गका लागि सामाजिक सुरक्षा कार्यक्रम, र प्रजनन् स्वास्थ्यमा नविन प्रयासहरूले पालिकाको स्वास्थ्य नीति केवल कागजमा हैन, व्यवहारमै क्रियाशील छ भन्ने प्रमाणित गर्छ । यी प्रयासहरूलाई निरन्तरता दिँदै भविष्यमा अझ व्यापक नागरिक सहभागिता, प्रविधिमैत्री सेवा, र पारदर्शिता अभिवृद्धि गर्न सके बुटवल उपमहानगरपालिका नेपालको नमूना 'स्वस्थ पालिका' बन्न सक्छ ।

(लेखक पाण्डेय बुटवल उपमहानगरपालिकाका जनस्वास्थ्य व्यवस्थापन तथा रोग नियन्त्रण शाखा प्रमुख हुन् ।)

### भैरहवा...

भन्सार प्रमुख रेग्मीले भन्सारको पहिलो काम नै सहजीकरण रहेको बताउँदै उद्योगी व्यवसायीहरु भन्सार प्रशासनसँगै हिंड्नु पर्ने बताए । एजेन्टको बद्मासी र समयमा काम नगरिदिँदा त्यसको मारमा उद्योगी व्यवसायीहरु पर्ने गरेको गुनासो आउने गरेको बताए । उनले भन्सार परिसरमा नियमपूर्वक आएको कुनै पनि मालवाहक गाडी नरेको समेत बताए ।

भन्सारका विभिन्न पाटाहरु त्यही सर्भरमा नै लिंक भएका छन् । करिब ४० बढी युनिटको लिंक आसिकुडामा भएकोले मालबाहक गाडी भन्सार प्रवेश गर्दा, पार्किङ, जाँचपास, प्रमाणीकरण, राजस्व भुक्तानी र बाहिरिँदासम्म आशिकुडा वर्ल्डमार्फत् डिजिटल रुपमै काम गर्नुपर्छ । यो विश्विका थुप्रै देशले प्रयोग गर्दै आएको सिसटम रहेको भन्सारको भनाइ छ । भन्सारसम्बन्धी सबै प्रक्रिया यही प्रणालीबाटै हुन्छ । हाल यो आशिकुडा वर्ल्ड प्रणाली भन्सारसँग सम्बन्धित ४२ वटा कार्यालयमा लागू छ । तर, सर्भर डाउन हुँदा सबै कार्यालयको काम प्रभावित हुने गरेको छ । विदेशबाट वस्तु आयात गर्दा भन्सारमा हुने सबै झन्झट हटाएर भन्सारलाई क्यासलेस र पेपरलेस बनाउने उद्देश्यले मुलुकभरका सबै भन्सार कार्यालयहरुमा सन् २०१७ देखि अनलाइन प्रणाली आशिकुडा लागु गरिएको थियो ।

यता उद्योगी व्यवसायीहरुले सर्भर डाउन भएकै कारण मालबाहक गाडी सममै भन्सार पास नहुँदा लागत बढ्ने गरेको बताउँछन् । 'एकै दिनमा गाडी भन्सार पास भएन भने पार्किङ शुल्क, डिटेन्सन, गाडी भाडा सबै बढ्ने हुँदा यो समस्या समाधान गर्नुपर्ने माग गरे । सर्भरकै कारण भन्सार प्रवेश गर्नुपर्ने मालबाहक गाडी नाकामा लाइन लागेर रोक्नुपने ' बाध्यता छ भने भन्सार जाँचपास भएर बाहिरिन कहिलेकाहीं दुई-तीन दिन समेत लाग्ने गरेको उनीहरुको भनाइ छ ।

भैरहवा भन्सार एजेन्ट संघका अध्यक्ष मधुप्रसाद पन्थीले सर्भर डाउनको समस्या बारे मुलुकभरका व्यवसायीहरुबाट गुनासो आइरहेको बताए । 'धेरैले एजेन्टले ढिलासुस्ती गरे भन्छन्', उनले भने-'तर, समस्या सर्भरमा छ ,समाधान गर्न सरकार लाग्नु पर्ने बताए । पन्थीले यो भन्सार नाका सुकाउनका लागि विभिन्न बहानामा समस्या पार्ने कार्य भइरहेको भन्दै यस्ता तत्वहरुको निवारण गर्नका लागि सबै एकजुट भएर लाग्नुपने ' बेला भएको बताए । उनले ओभरलोडको नाम समस्या सिर्जना भएको भन्दै देशको अन्य नाकामा नभएको नियम यहाँ लागू गर्न खोज्दा यो भन्सारबाट हुने निकासी र पैठारीको कार्य अन्य भन्सार नाकामा सरेको बताए ।

केही भन्सार एजेन्टले नै यहाँ ढिलासुस्तीको कारण देखाई अन्य नाकाबाट भन्सार गराउन चलखेल गरेकोले यसको विषयमा भन्सार कार्यालयले सोच्नुपर्ने सहभागी उद्योगी व्यवसायीहरुको भनाइ छ । भन्सार एजेन्टले ट्रेड डाइभर्ट गर्नु यो नाकाको लागि गम्भीर हो ।

पञ्चकन्या ग्रुपका महाप्रबन्धक देवेन्द्र साहुले भैरहवा भन्सार कार्यालयले विभिन्न बहानामा ढिलासुस्ती गर्दा वस्तुको उत्पादनमा लागत खर्च बढ्दो रहेको बताए । उनले भन्सारभित्रको पार्किङ, सर्बर र बैंकिङ प्रणालीमा देखिएका समस्या समाधानका लागि प्रमुख भन्सार अधिकृतसमक्ष आग्रह गरे ।

उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष विष्णु शर्माले यो नाका सबैको सहज र सुलभ हुने नाका भएकोले यहाबाट डाइभर्ट हुनु गम्भीर विषय रहेको छ । भन्सारको गेटमा समस्या छ, इन्ट्री भए पनि सिस्टममा नदेखिने भए म्यानुअल सिस्टमबाट पनि व्यवस्था मिलाउनु पर्ने औंल्याए । उनले भन्सार कार्यालयमा धेरै सुधारका काम भएपनि अझै केही नतिजा देखिने गरी काम गर्न आवश्यक रहेको बताए ।

सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्र आचार्यले कुनै बेला सबैको रोजाई बनेको यो नाकाप्रति अहिले फेरिएको नजर हाम्रो लागि गम्भिर विषय रहेको बताए । यो नेपालको प्रमुख भन्सार भएकाले यसलाई व्यवस्थित र व्यापार सहजीकरणमा सबै क्षेत्रले भूमिका खेल्नुपर्ने बताउँदै भन्सारले वस्तुको निकासी र पैठारीमा सहज वातावरण सिर्जना गर्न समेत भैरहवा भन्सार कार्यालय र भन्सार एजेन्ट संघलाई आग्रह गरे । वस्तुको निकासी र पैठारीमा उद्योगी-व्यवसायीलाई रहेको समस्या तुरुन्त समाधान गर्न गरी भन्सार कार्यालय र अन्नपूर्ण टर्मिनलबिचको समन्वय जरुरी रहेको बताए ।

निवर्तमान अध्यक्ष ठाकुर कुमार श्रेष्ठले भन्सार र टर्मिनलको सिस्टमले गर्दा व्यवसायी मारमा पर्न नहुने बताए । ओभरलोड यही नाकामा लागु हुनु, सिसटम पनि यही नचल्नुले नाकारात्मक सन्देश गइरहेको बताउँदै सुधार गर्नु पर्ने बताए । यसका लागि निजी क्षेत्र भन्सार विभागदेखि अर्थमन्त्रालयसम्म जान तयार रहेको बताए ।

नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्माले सर्भर व्यवसायीको समस्या नभए पनि मारमा व्यवसायी परेको बताउँदै यस्को जिम्मा इन्टरमोडलले लिई व्यवसायीहरुलाई सहज गराउनु पर्ने बताए । यहाँबाट डाइभर्ट हुनु ठूलो क्षति हो, सर्भरले गर्दा गाडी भाडा, डेमरेज, जरिवाना सबै व्यवसायीहरुले व्योहोर्नु पर्दा उपभोक्ता छन मारमा पर्ने बताए ।

निर्यात बढ्दो

भैरहवा भन्सार कार्यालय हुँदै बेलहिया नाकाबाट हुने निर्यात बढेको छ । चालु आर्थिक वर्षको ११ महिनामा गत वर्षको तुलनामा ४७.५१ प्रतिशतले निर्यात वृद्धि भएको छ ।

भन्सार कार्यालयका अनुसार चालु वर्षको साउनदेखि जेठसम्म ११ महिनामा १८ अर्ब ५९ करोड रुपैयाँ बराबरका बस्तु तथा सामानहरू निर्यात भएको छ भने गत आर्थिक वर्षको यस अवधिमा १२ अर्ब ६० करोड रुपैयाँ बराबरको मात्रै विभिन्न सामानहरू निर्यात भएको थियो ।

'गत वर्षको तुलनामा यो नाका हुँदै निर्यात ब्यापार राम्रो भएको यो तथ्याङकले देखाउँछ । कार्यालयका अनुसार ११ महिनामा सबैभन्दा बढी निर्यात हुने बस्तुहरूमा भटमासको तेल (प्रशोधित), सेन्थेटिक यार्न, सिमेन्ट खैरो, खयर कत्था, पिना अन्य, फलाम स्टिलका भाँडाकुँडा, नुडल्स पास्ता, जडीबुटी, खोटो रोजीन, प्लाइउडलगायत छन् । ११ महिनामा ५ अर्ब ८१ करोड ५४ लाख ८ हजार रुपैयाँ मूल्य बराबरको २ करोड ९१ लाख ४० हजार पाँच सय एघार लिटर तेल भारत निर्यात भएको छ ।

भन्सार कार्यालयका अनुसार यो वर्ष सेन्थेटिक यार्न ३ अर्ब १८ करोड ३३ लाख १० हजार रुपैयाँ मूल्य बराबरको १ करोड ५१ लाख ९४ हजार ४ सय ६७ किलो भारत तथा तेस्रो मुलुक निर्यात भएको छ । विगतका वर्षहरूमा सबैभन्दा बढी निर्यात ब्यापार सेन्थेटिक यार्नको हुने गरेकोमा चालु वर्ष भने भटमासको प्रशोधित तेलले उछिनेको छ ।

यस्तै, सिमेन्ट १ अर्ब ३३ करोड ६१ लाख ९० हजार रुपैयाँ, कत्था खयर ८४ करोड ७१ लख ७५ हजार रुपैयाँ, पिना अन्य ७८ करोड ३५ हजार रुपैयाँ, फलाम स्टिलका भाँडाकुँडा ७२ करोड १५ लाख ८८ हजार रुपैयाँ, चाउचाउ, नुडल्स पास्ता ६६ करोड २८ लाख १३ हजार रुपैयाँ, बिभिन्न किसिमको जडीबुटीहरू ५७ करोड ५६ लाख ७ हजार रुपैयाँ, खोटो रोजिन ५२ करोड १५ लाख ९४ हजार रुपैयाँ र प्लाइउड ४५ करोड ७६ लाख २९ हजार रुपैयाँ मूल्य बराबरको भारत निर्यात भएको भन्सार कार्यालयको तथ्यांकले देखाएको छ ।

# बुटवलको शिक्षामा असल अभ्यास र उपलब्धि

**टिकाराम पन्थी**

बुटवल उपमहानगरपालिकाले सूचना तथा प्रविधिमार्फत् शिक्षाको प्रवर्द्धनमा विशेष ध्यान दिँदै आएको छ। नगरका विभिन्न विद्यालयहरूमा स्मार्ट बोर्ड, प्रोजेक्टर र इन्टरनेट सेवायुक्त स्मार्ट कक्षा सञ्चालनमा ल्याइएको छ। साथै, शिक्षकहरूको प्रविधिमैत्री शिक्षण क्षमता अभिवृद्धिका लागि क्ष्ऋत तालिमहरू प्रदान गरिएको छ। स्थानीय डिजिटल प्लेटफर्म 'मेरो शिक्षा' मार्फत् पाठ योजना, सिकाइ सामग्री र अभ्यासका साधनहरू उपलब्ध गराइएका छन्।

शिक्षकहरूको पेशागत विकासमा जोड दिँदै निरन्तर तालिम कार्यक्रम, विद्यालय अनुगमन, परामर्श र कार्यसम्पादन मूल्याङ्कन प्रणालीको अभ्यास सुरु गरिएको छ। शिक्षा समावेशी र पहुँचयुक्त बनाउन अपाङ्गता मैत्री संरचना, छात्रवृत्ति कार्यक्रम, बाल संरक्षण र लैङ्गिक समानतासम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिएका छन्।

विद्यालय र समुदायबिचको साझेदारी सुदृढ गर्दै SMC तथा PTA लाई निर्णय प्रक्रियामा समावेश गरिएको छ। अभिभावक-शिक्षक संवाद कार्यक्रम र स्थानीय संघ-संस्थासँग सहकार्य गरेर स्रोत परिचालन गरिएको छ। बालमैत्री वातावरणका लागि सुरक्षित पूर्वाधार, बाल क्लब, बाल संसद र मानसिक स्वास्थ्य सेवाको व्यवस्था गरिएको छ।

प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीअन्तर्गत विद्यालय प्रगति मूल्याङ्कन तथा शिक्षा गुणस्तर सूचकांकको अभ्यास गरिँदैछ। नवप्रवर्तनलाई प्रोत्साहन गर्न शैक्षिक नवप्रवर्तन पुरस्कार तथा मेला सञ्चालन गरिएको छ। नगरले २०७६-८१ सम्मको पाँच वर्षे शिक्षा योजना निर्माण गरी कार्यान्वयन गरेको छ भने दोस्रो योजना मस्यौदा अन्तिम चरणमा पुगेको छ।

कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम विकास गरी कार्यान्वयन गरिएको छ। बालविकास कक्षाको स्तरीकरण, विज्ञान प्रयोगशाला र कम्प्युटर ल्याबको स्थापना, शिक्षक तथा कर्मचारीका लागि नियमित तलब-भत्ताको व्यवस्था, अनुदान शिक्षक कोटा व्यवस्थापन तथा मासिक प्रोत्साहन प्रणाली सञ्चालनमा छन्।

शिक्षा क्षेत्रमा उत्कृष्ट योगदान गर्नेहरूलाई नगर स्थापना दिवसको अवसरमा सम्मान गरिन्छ। नगरको वार्षिक प्रकाशन 'शैक्षिक दर्पण' मार्फत् शैक्षिक कार्यक्रमहरूको पारदर्शिता र दस्तावेजीकरण गरिन्छ। 'नगर प्रमुख विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम' अन्तर्गत पूर्वाधार निर्माण तथा मर्मत गरिएको छ। साथै, धार्मिक विद्यालयलाई वार्षिक अनुदान र छात्रवृत्ति वितरणमा पारदर्शिता कायम गरिएको छ।

संस्थागत विद्यालय वर्गीकरण, दरबन्दी मिलान र विद्यालयस्तरीय लोकनृत्य तथा खेलकुद प्रतियोगिता आयोजना गरिएको छ। निजी विद्यालयहरूको शुल्क संरचना व्यवस्थापन तथा वृद्धि प्रक्रियामा नियन्त्रण गर्दै अभिभावकको हित सुरक्षित गरिएको छ। 'शिक्षामा अब्बल, हाम्रो बुटवल' परिकल्पनाअन्तर्गत विद्यालयको समग्र विकासमा जोड दिइएको छ।

विद्यालयहरूको न्यूनतम मापदण्ड अनुरूप पूर्वाधार विकास, 'छोरी पढाऔँ, समाज बनाऔँ' कार्यक्रमअन्तर्गत छात्रालाई निःशुल्क बिटिआईमा अध्ययन सुविधा, स्थानीय बालबालिकालाई प्राथमिकता र प्रधानाध्यापक सरुवा नीति लागु गरिएको छ। 'नगरप्रमुख शैक्षिक सुधार कोष' स्थापना गरी असहाय विद्यार्थीलाई छात्रवृत्ति, पोशाक, सामग्री उपलब्ध गराइएको छ।

विटिआई लाई उपमहानगरको मातहत ल्याउने पहल र प्राविधिक विषयहरूमा उच्च शिक्षाको विस्तारको तयारी भइरहेको छ। फरक क्षमताका बालबालिकाका लागि विशेष शिक्षा कार्यक्रम तथा व्यवसायिक शिक्षाको पहुँच विस्तार गरी स्वरोजगारमुखी शिक्षामा ध्यान दिइएको छ। बालमैत्री, छात्रामैत्री र अपाङ्गमैत्री वातावरण निर्माण गर्दै बालविकास केन्द्रहरूको सुदृढीकरणमा पहल गरिएको छ।

शैक्षिक सम्मेलन तथा करियर काउन्सिलिङ कार्यक्रम सञ्चालन गरी विद्यार्थीको भविष्य निर्माणमा सहयोग पुऱ्याउने लक्ष्य राखिएको छ। सामुदायिक विद्यालयमा डिजिटल शिक्षाको विकास, निजी विद्यालयमा १० प्रतिशत छात्रवृत्ति अनिवार्य लागू, विपन्न बालबालिकालाई निःशुल्क पोशाक वितरण, शिक्षक र कर्मचारीको क्षमता विकास तथा दरबन्दी समायोजन, छात्रवृत्ति वितरणमा एकद्वार प्रणाली लागू गरिँदैछ।

स्थानीय पाठ्यक्रम परिमार्जन गर्दै बुटवलको जातीय, भाषिक र सांस्कृतिक पहिचान समेटिएको विषयवस्तु विकास गरिँदैछ। बालशिक्षा दरबन्दी सिर्जना तथा समावेशी नियुक्ति नीति, विद्यालय खाजा कार्यक्रम, छात्राहरूलाई सेनेटरी प्याड वितरण, संस्थागत विद्यालय वर्गीकरण र न्यूनतम मापदण्ड अनुसार सञ्चालनको नीति कार्यान्वयन हुँदैछ।

विद्यालयस्तरमै सुरक्षित मातृत्व, नवजात शिशु स्वास्थ्य र पोषण सेवा प्रवर्द्धन गरिँदैछ। अन्ततः 'एक विद्यार्थी एक बैंक खाता' नीतिको कार्यान्वयनमार्फत् बालबालिकामा बचत संस्कारको विकास र वित्तीय साक्षरता प्रवर्द्धन गरिने लक्ष्य रहेको छ।

**सूचना तथा प्रविधिमार्फत् शिक्षाको प्रवर्द्धन**

सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत् नगरका सामुदायिक विद्यालयहरूमा शिक्षा गुणस्तरमा उल्लेखनीय सुधार देखिएको छ। बुटवलका थुप्रै विद्यालयमा स्मार्ट कक्षा सञ्चालन गरिएको छ, जसमा स्मार्ट बोर्ड, इन्टरनेट सेवा र मल्टिमिडिया प्रोजेक्टर जस्ता प्रविधि उपलब्ध छन्।

**शिक्षक पेशागत विकासमा निरन्तरता**



गुणस्तरीय शिक्षाका लागि शिक्षकको क्षमता अभिवृद्धिमा निरन्तर जोड दिइएको छ। विषयगत, पेडागोजिकल र प्रविधिमैत्री तालिमहरू नियमित रूपमा सञ्चालन गरिन्छ। विद्यालय निरीक्षण, सहजीकरण तथा सहपाठी मूल्याङ्कन प्रणालीमार्फत् शिक्षकहरूको कार्यसम्पादनलाई परिणाममुखी बनाइएको छ।

**समावेशी र पहुँचयुक्त शिक्षा**

बुटवलले सबैका लागि शिक्षा भन्ने मूल मन्त्रलाई व्यवहारमा उतार्दै अपाङ्गता मैत्री संरचना, छात्रवृत्ति कार्यक्रम र लैङ्गिक समानतामूलक पहलहरू सञ्चालन गरेको छ। विशेषगरी दलित, मुस्लिम, विपन्न तथा फरक क्षमता भएका बालबालिकालाई लक्षित गर्दै छात्रवृत्ति र विशेष शिक्षण कार्यक्रमहरू लागू गरिएका छन्। बाल संरक्षण र लैङ्गिक समानतासम्बन्धी सचेतना कार्यक्रमहरू विद्यालयमै सञ्चालन गरेर विद्यार्थीहरूको सामाजिक चेतना अभिवृद्धि गरिएको छ।

**विद्यालय–समुदाय साझेदारी सुदृढीकरण**

विद्यालय सुधारमा समुदायको सहभागिता सुनिश्चित गर्दै एसएमसी, पिटिएलाई निर्णय प्रक्रियामा उत्तरदायी बनाइएको छ। अभिभावक-शिक्षक संवाद कार्यक्रमहरू नियमित रुपमा सञ्चालित छन्, जसले विद्यालयप्रति समुदायको स्वामित्व र उत्तरदायित्व बढाएको छ। साथै, स्थानीय संघ-संस्था र दातृ निकायसँग सहकार्य गर्दै स्रोत परिचालनमा समन्वयात्मक अभ्यास गरिएको छ।

सुरक्षित र स्वच्छ विद्यालय संरचना निर्माणमार्फत् शिक्षण-सिकाइ वातावरणलाई बालमैत्री बनाइएको छ। बाल क्लब, बाल संसद तथा मानसिक स्वास्थ्य परामर्श कार्यक्रमहरू विद्यालयमा सञ्चालित छन्।

शिक्षा शाखाले हरेक विद्यालयबाट त्रैमासिक शैक्षिक प्रगति प्रतिवेदन संकलन गर्छ। शिक्षा गुणस्तर सूचकांक तयार पारेर विद्यालय मूल्याङ्कनको वैज्ञानिक विधि अपनाइएको छ, जसले कमजोर पक्ष पत्ता लगाएर सुधार योजना तयार गर्न सहयोग पुऱ्याएको छ।

**शैक्षिक नवप्रवर्तन र प्रेरणा कार्यक्रमहरू**

शैक्षिक नवप्रवर्तन पुरस्कार तथा मेला जस्ता कार्यक्रमहरू सञ्चालन गरेर सिर्जनशील शिक्षक र विद्यालयलाई प्रेरणा प्रदान गरिएको छ। शिक्षकको सम्मान, नविन विचारको प्रदर्शन तथा शिक्षण विधिमा नवप्रयोगलाई प्राथमिकता दिइएको छ।

सन् २०७६-२०८१ सम्मको पाँच वर्षे शिक्षा योजना कार्यान्वयनको अन्तिम चरणमा पुगेको छ भने दोस्रो चरणको योजना निर्माण अन्तिम मस्यौदामा पुगेको छ। यस्तै, स्थानीय संस्कृति, भूगोल र सामाजिक सन्दर्भमा आधारित पाठ्यक्रम निर्माण गरिएको छ, जुन परिमार्जनको चरणमा छ।

**भौतिक पूर्वाधार र शैक्षिक साधनको विकास**

सभी माध्यमिक विद्यालयहरूमा विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब, शौचालय, खानेपानी, कम्पाउन्ड, खेलमैदान निर्माण तथा मर्मत गरिँदै शिक्षण वातावरण सुदृढ पारिएको छ। नगरप्रमुख विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम यसतर्फको उत्कृष्ट अभ्यास हो।

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको मासिक तलब-भत्ता उपमहानगरपालिकाबाट नियमित निकासा गरिँदै आएको छ। साथै, ३६ जना अनुदान शिक्षकको व्यवस्था, बालविकास सहयोगीहरूलाई मासिक प्रोत्साहन, र दरबन्दी मिलान कार्यक्रमहरू शिक्षा शाखाको व्यवस्थापन कौशलको उदाहरण हुन्।

शुल्क संरचना, छात्रवृत्ति वितरण, र विद्यालय वर्गीकरणजस्ता क्षेत्रमा नगरपालिका सक्रिय भएर अभिभावकमैत्री व्यवस्था लागू गरेको छ। निजी विद्यालयहरूमा न्यूनतम १० प्रतिशत छात्रवृत्ति अनिवार्य बनाइएको छ।

'छोरी पढाऔं, समाज बनाऔं' कार्यक्रमअन्तर्गत छात्राहरूलाई प्राविधिक शिक्षामा निःशुल्क अवसर दिइएको छ। बुटवल टेक्निकल इन्स्टिच्युटको सुदृढीकरण र प्राविधिक शिक्षा विस्तारले महिलालाई आत्मनिर्भर बनाउने मार्ग खोलिएको छ।

फरक क्षमताका बालबालिकालाई लक्षित गर्दै विशेष शिक्षा कार्यक्रम, बालमैत्री संरचना, छात्रामैत्री तथा अपाङ्गमैत्री वातावरण निर्माणमा विशेष ध्यान दिइएको छ। शिक्षा क्षेत्रमा एकद्वार प्रणालीमार्फत छात्रवृत्ति वितरण गरी पारदर्शिता कायम गरिएको छ।

स्थानीय पाठ्यक्रममा भाषा, जातीयता, संस्कृति, नैतिकता, लैङ्गिक हिंसा विरुद्ध शिक्षा, ट्राफिक सचेतना, सरसफाइ, योग, र लागूपदार्थविरुद्ध शिक्षा समावेश गरिँदैछ।

विद्यालयस्तरीय लोकनृत्य, फुटबल प्रतियोगिता, शैक्षिक सम्मेलन, करियर काउन्सिलिङ कार्यक्रमहरू तथा एक विद्यार्थी एक बैंक खाता नीति मार्फत शैक्षिक वातावरणलाई विविधतापूर्ण बनाइएको छ।

बुटवल उपमहानगरपालिकाले आफ्ना क्षेत्रभित्रका सबै निजी तथा संस्थागत विद्यालयमा शुल्क व्यवस्थापनलाई प्राथमिकता दिएको छ। विद्यालयहरूले लिने शुल्कको दर तथा वृद्धिलाई नियमन गरी अभिभावकहरूको हित सुरक्षित गरिएको छ। यसबाट शिक्षा क्षेत्रमा पारदर्शिता र निष्पक्षता कायम भएको छ।

निजी विद्यालयहरूले लिने शुल्क संरचना र वृद्धि प्रक्रियालाई अभिभावकको हितलाई ध्यानमा राखी व्यवस्थित गरिएको छ। यसले विद्यालयहरूले अनियन्त्रित रूपमा शुल्क वृद्धि गर्न नपाउने सुनिश्चित गरेको छ, जसले शिक्षा सबैको पहुँचमा ल्याउन सहयोग गरेको छ।

नगरप्रमुख शैक्षिक विकास कार्यक्रमअन्तर्गत विद्यालयहरूको शैक्षिक र भौतिकस्तर सुधार गरिँदैछ। यस कार्यक्रमले विद्यालयहरूको मात्र नभई विद्यार्थीहरूको पनि समग्र विकासमा जोड दिएको छ, जस्तै पाठ्यक्रम बाहेकका सीप, संस्कार, संस्कृति, खेलकुद, नेतृत्व विकास तथा क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गरिनेछन्। साथै, उत्पादन हुने जनशक्तिलाई अन्तर्राष्ट्रिय बजारमा समेत प्रतिस्पर्धी बनाउन पहल गरिनेछ।

आधारभूत तथा माध्यमिक विद्यालयहरूलाई न्यूनतम शैक्षिक तथा भौतिक पूर्वाधारले सम्पन्न बनाउने कार्यक्रम सञ्चालन भइरहेको छ। यसले सबै विद्यालयहरूमा समान शैक्षिक वातावरण सिर्जना गर्ने लक्ष्य राखेको छ।

बालबालिकालाई आफ्नै नगरपालिका भित्रै शिक्षाको अवसर प्रदान गर्न पहिलो प्राथमिकता दिने नीति लागू गरिएको छ।



साथै, विद्यालयका प्रधानाध्यापकहरूलाई तीन-तीन वर्षमा अन्तरविद्यालय सरुवा गर्ने नीति अपनाइँदैछ, जसले नेतृत्वमा नवीनता र उत्तरदायित्वको भावना विकास गराउनेछ।

असहाय तथा विपन्न वर्गका विद्यार्थीहरूलाई छात्रवृत्ति, पोशाक र शैक्षिक सामग्री प्रदान गर्न नगरप्रमुख शैक्षिक सुधार कोष स्थापना गरिएको छ। यसले शिक्षामा समावेशिता र समान अवसर सुनिश्चित गरेको छ।

**बीटीआइसँगका कार्यक्रम**

बुटवल टेक्निकल इन्स्टिच्युटमा छात्राहरूलाई निःशुल्क अध्ययनको व्यवस्था गरिएको छ, जसले महिला शिक्षा प्रवर्द्धन र लैङ्गिक समानतामा टेवा पुऱ्याएको छ।

बीटीआइको स्थायित्व र सुदृढीकरणका लागि नीति तथा ऐन निर्माण गरी प्राविधिक शिक्षा थप व्यवस्थित बनाइँदैछ। डिप्लोमा तहका इञ्जिनियरिङ विषयहरू र अटो भिलेजमा स्नातक तहको अटो इन्जिनियरिङ अध्ययन प्रारम्भ गरिने योजना छ।

फरक क्षमता भएका बालबालिकाहरूलाई आवश्यक शिक्षा प्रदान गर्न विभिन्न संघसंस्थासँग सहकार्य गरी विशेष कार्यक्रम सञ्चालन गरिनेछ, जसले समावेशी शिक्षालाई प्रवर्द्धन गर्नेछ।

माध्यमिक तहका विद्यालयहरूमा प्राविधिक र व्यवसायिक शिक्षाको पहुँच विस्तार गरी स्वरोजगार सिर्जना गर्न सक्ने जनशक्ति उत्पादनमा जोड दिइँदैछ।

**अन्य योजना तथा उपलब्धि**

बाल, छात्रा तथा अपाङ्गमैत्री वातावरण नबनेका विद्यालयहरूलाई पर्याप्त स्रोत साधन उपलब्ध गराई यो वर्षभित्रै सुधार गर्ने लक्ष्य राखिएको छ। बालविकास केन्द्रहरूलाई बाल मनोविज्ञान अनुरूप सुरक्षित, सुविधा सम्पन्न बनाइँदैछ। तीन जना नर्स, पाँच जना बालविकास शिक्षक तथा पाँच जना अन्य शिक्षकको दरबन्दी थप गरिनेछ।

शैक्षिक क्षेत्रका आवश्यकता पहिचान गर्न शैक्षिक सम्मेलन आयोजना गरिनेछ। माध्यमिक तह पूरा गरेका विद्यार्थीहरूलाई जीवनवृत्ति परामर्श गरिनेछ, जसले विद्यार्थीहरूको भविष्य निर्माणमा ठोस सहयोग गर्नेछ।

सबै सामुदायिक विद्यालयहरूलाई प्रविधियुक्त बनाउँदै सूचना तथा सञ्चार प्रविधिमार्फत् डिजिटल लर्निङ पोर्टलको स्थापना र कम्प्युटर शिक्षा अनिवार्य गरिनेछ।

छात्रवृत्ति तथा सहुलियतलाई व्यवस्थित गर्न एकद्वार प्रणालीमार्फत वितरण प्रणाली सञ्चालन गरिनेछ, जसले प्रभावकारी र पारदर्शी वितरण सुनिश्चित गर्नेछ। स्थानीय पाठ्यक्रम परिमार्जन गर्दै जातीय पहिचान, भाषा, संस्कृति र सामाजिक चेतना समेटिएको विषयवस्तु विकास गरिनेछ। साथै, नैतिक शिक्षा, लैङ्गिक हिंसाविरुद्ध शिक्षा, ट्राफिक शिक्षा, योग शिक्षा, सरसफाई र लागूपदार्थ विरुद्धको शिक्षा समावेश गरिनेछ।

सामुदायिक विद्यालयहरूमा आवश्यकता अनुसार बालशिक्षा दरबन्दी सिर्जना गरिनेछ। साथै, शिक्षक नियुक्तिमा समावेशी सिद्धान्तलाई कडाइका साथ लागू गरिनेछ।

विद्यालयमा खाजा वितरण कार्यक्रम थप व्यवस्थित गर्दै विद्यार्थीका लागि खाजा रकम प्रतिदिन २५ रुपैयाँ पुऱ्याइनेछ। साथै, छात्राहरूलाई निःशुल्क सेनेटरी प्याड वितरण कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। संस्थागत विद्यालयहरूको वर्गीकरण गरी न्यूनतम मापदण्डअनुसार मात्रै सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ, जसले विद्यालयहरूको गुणस्तरमा सुधार ल्याउनेछ।

विद्यालयस्तरमै सुरक्षित मातृत्व, नवजात शिशु स्वास्थ्य र पोषण सेवा प्रवर्द्धन गरिँदैछ, जसले विद्यार्थी र सुत्केरी आमाहरूलाई प्रत्यक्ष फाइदा पुर्याउनेछ। हरेक विद्यार्थीको नाममा बैंक खाता खोल्ने नीति कार्यान्वयन गरिनेछ, जसबाट बाल्यकालदेखि नै विद्यार्थीहरूमा बचत संस्कारको विकास हुने अपेक्षा गरिएको छ।

**निजी विद्यालयमा १० प्रतिशत छात्रवृत्ति अनिवार्य लागू**

निजी विद्यालयहरूलाई हरेक कक्षामा कम्तीमा १०% छात्रवृत्ति अनिवार्य रूपमा उपलब्ध गराउनुपर्ने व्यवस्था कडाइका साथ लागू गरिँदैछ। साथै, प्रत्येक वर्षको अन्त्यमा यसको विवरण नगरमा बुझाउनु पर्नेछ। सामुदायिक विद्यालयमा अध्ययनरत भौगोलिक रूपमा पिछडिएका तथा विपन्न बालबालिकाका लागि विद्यालयसम्म पहुँच बढाउन निःशुल्क पोशाक वितरण गरिनेछ।

शिक्षक तथा विद्यालय कर्मचारीहरूको क्षमता विकास गरिनेछ। दरबन्दीको अध्ययन गरी आवश्यक समायोजन गरिने तथा पारिश्रमिक वृद्धि गरिँदै समयानुकूल समायोजन गरिनेछ।

पन्थी, बुटवल उपमहानगरपालिका, शिक्षा शाखा प्रमुख हुन्।


**Road Infrastructure Development Office**
**Gulmi**

## Invitation for Bids

**IFB No.: 12-081/082**

Date of publication: July10, 2025

Road Infrastructure Development Office, Gulmi invites electronic bids from Nepalese eligible bidders for the Construction of different Roads Works Constructionin Gulmi district under National Competitive Bidding(NCB)procedures. Interested Bidders may obtain further information through PPMO website www.bolpatra.gov.np/egp or on the notice board or the website of this office ridogulmi.p5.gov.np.

**Office Chief**

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्क:

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुखानगर, रूपन्देही,

फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



**प्रो. रामशाह शाहानी**

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

# बुटवलको शिक्षा र स्वास्थ्य क्षेत्रमा देखिएका प्रगति



खेलराज पाण्डेय नगरप्रमुख, बुटवल उपमहानगरपालिका

बुटवल उपमहानगरपालिका, संघीय नेपालका स्थानीय तहहरूमध्ये एक प्रमुख नगरपालिका हो, जसले पछिल्ला दुई वर्षमा शिक्षा र स्वास्थ्य क्षेत्रमा उल्लेखनीय उपलब्धिहरू हासिल गर्दै आएको छ । नगरवासीका लागि 'शिक्षा र स्वास्थ्य सबैका लागि' भन्ने सिद्धान्त कार्यान्वयन गर्दै जनविश्वास जित्न थालेको छ । बुटवल उपमहानगरपालिका जनस्वास्थ्य क्षेत्रमा विशेष सक्रियता देखाउँदै आएको छ । यहाँको जनस्वास्थ्य नीतिले विशेषगरी विपन्न, अशक्त र संवेदनशील समुदायहरूलाई केन्द्रमा राखेर कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । बुटवल उपमहानगरपालिकाले सूचना तथा प्रविधिमार्फत शिक्षाको प्रवर्द्धनमा विशेष ध्यान दिँदै आएको छ । नगरका विभिन्न विद्यालयहरूमा स्मार्ट बोर्ड, प्रोजेक्टर र इन्टरनेट सेवायुक्त स्मार्ट कक्षा सञ्चालनमा ल्याइएको छ ।

**गुणस्तरीय शिक्षातर्फको यात्रा**

बुटवल शिक्षा क्षेत्रमा पहिल्यैदेखि अग्रणी रहँदै आएको छ। बुटवल उपमहानगरपालिकाले सूचना तथा प्रविधिमार्फत् शिक्षाको प्रवर्द्धनमा विशेष ध्यान दिँदै आएको छ। नगरका विभिन्न विद्यालयहरूमा स्मार्ट बोर्ड, प्रोजेक्टर र इन्टरनेट सेवायुक्त स्मार्ट कक्षा सञ्चालनमा ल्याइएको छ। साथै, शिक्षकहरूको प्रविधिमैत्री शिक्षण क्षमता अभिवृद्धिका लागि क्षकृत तालिमहरू प्रदान गरिएको छ। स्थानीय डिजिटल प्लेटफर्म "मेरो शिक्षा" मार्फत पाठ योजना, सिकाइ सामग्री र अभ्यासका साधनहरू उपलब्ध गराइएका छन् ।

शिक्षकहरूको पेशागत विकासमा जोड दिँदै निरन्तर तालिम कार्यक्रम, विद्यालय अनुगमन, परामर्श र कार्यसम्पादन मूल्याङ्कन प्रणालीको अभ्यास सुरु गरिएको छ । शिक्षा समावेशी र पहुँचयुक्त बनाउन अपाङ्गता मैत्री संरचना, छात्रवृत्ति कार्यक्रम, बाल संरक्षण र लैङ्गिक समानता सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिएका छन् ।

विद्यालय र समुदायबिचको साझेदारी सुदृढ गर्दै SMC तथा एत्ब लाई निर्णय प्रक्रियामा समावेश गरिएको छ। अभिभावक-शिक्षक संवाद कार्यक्रम र स्थानीय संघ-संस्थासँग सहकार्य गरेर स्रोत परिचालन गरिएको छ । बालमैत्री वातावरणका लागि सुरक्षित पूर्वाधार, बाल क्लब, बाल संसद र मानसिक स्वास्थ्य सेवाको व्यवस्था गरिएको छ।

प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीअन्तर्गत विद्यालय प्रगति मूल्याङ्कन तथा शिक्षा गुणस्तर सूचकांकको अभ्यास गरिँदैछ। नवप्रवर्तनलाई प्रोत्साहन गर्न शैक्षिक नवप्रवर्तन पुरस्कार तथा मेला सञ्चालन गरिएको छ। नगरले २०७६-८१ सम्मको पाँच वर्षे शिक्षा योजना निर्माण गरी कार्यान्वयन गरेको छ भने दोस्रो योजना मस्यौदा अन्तिम चरणमा पुगेको छ।

कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम विकास गरी कार्यान्वयन गरिएको छ। बालविकास कक्षाको स्तरीकरण, विज्ञान प्रयोगशाला र कम्प्युटर ल्याबको स्थापना, शिक्षक तथा कर्मचारीका लागि नियमित तलब-भत्ताको व्यवस्था, अनुदान शिक्षक कोटा व्यवस्थापन तथा मासिक प्रोत्साहन प्रणाली सञ्चालनमा छन् ।

शिक्षा क्षेत्रमा उत्कृष्ट योगदान गर्नेहरूलाई नगर स्थापना दिवसको अवसरमा सम्मान गरिन्छ। नगरको वार्षिक प्रकाशन "शैक्षिक दर्पण" मार्फत शैक्षिक कार्यक्रमहरूको पारदर्शिता र दस्तावेजीकरण गरिन्छ। "नगर प्रमुख विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम" अन्तर्गत पूर्वाधार निर्माण तथा मर्मत गरिएको छ। साथै, धार्मिक विद्यालयलाई वार्षिक अनुदान र छात्रवृत्ति वितरणमा पारदर्शिता कायम गरिएको छ।

संस्थागत विद्यालय वर्गीकरण, दरबन्दी मिलान र विद्यालयस्तरीय लोकनृत्य तथा खेलकुद प्रतियोगिता आयोजना गरिएको छ। निजी विद्यालयहरूको शुल्क संरचना व्यवस्थापन तथा वृद्धि प्रक्रियामा नियन्त्रण गर्दै अभिभावकको हित सुरक्षित गरिएको छ । 'शिक्षामा अब्बल, हाम्रो बुटवल' परिकल्पनाअन्तर्गत विद्यालयको समग्र विकासमा जोड दिइएको छ।

विद्यालयहरूको न्यूनतम मापदण्ड अनुरूप पूर्वाधार विकास, 'छोरी पढाऔँ, समाज बनाऔँ' कार्यक्रम अन्तर्गत छात्रालाई निःशुल्क बिटिआईमा अध्ययन सुविधा, स्थानीय बालबालिकालाई प्राथमिकता र प्रधानाध्यापक सरुवा नीति लागु गरिएको छ। 'नगरप्रमुख शैक्षिक सुधार कोष' स्थापना गरी असहाय विद्यार्थीलाई छात्रवृत्ति, पोशाक, सामग्री उपलब्ध गराइएको छ।

द्यत्क्ष लाई उपमहानगरको मातहत ल्याउने पहल र प्राविधिक विषयहरूमा उच्च शिक्षाको विस्तारको तयारी भइरहेको छ । फरक क्षमताका बालबालिकाका लागि विशेष शिक्षा कार्यक्रम तथा व्यवसायिक शिक्षाको पहुँच विस्तार गरी स्वरोजगारमुखी शिक्षामा ध्यान दिइएको छ। बालमैत्री, छात्रामैत्री र अपाङ्गमैत्री वातावरण निर्माण गर्दै बालविकास केन्द्रहरूको सुदृढीकरणमा पहल गरिएको छ।

शैक्षिक सम्मेलन तथा करियर काउन्सिलिङ कार्यक्रम सञ्चालन गरी विद्यार्थीको भविष्य निर्माणमा सहयोग पुऱ्याउने लक्ष्य राखिएको छ । सामुदायिक विद्यालयमा डिजिटल शिक्षाको विकास, निजी विद्यालयमा १०% छात्रवृत्ति अनिवार्य लागू, विपन्न बालबालिकालाई निःशुल्क पोशाक वितरण, शिक्षक र कर्मचारीको क्षमता विकास तथा दरबन्दी समायोजन, छात्रवृत्ति वितरणमा एकद्वार प्रणाली लागू गरिँदैछ।

स्थानीय पाठ्यक्रम परिमार्जन गर्दै बुटवलको जातीय, भाषिक र सांस्कृतिक पहिचान समेटिएको विषयवस्तु विकास गरिँदैछ । बालशिक्षा दरबन्दी सिर्जना तथा समावेशी नियुक्ति नीति, विद्यालय खाजा कार्यक्रम, छात्राहरूलाई सेनेटरी प्याड वितरण, संस्थागत विद्यालय वर्गीकरण र न्यूनतम मापदण्ड अनुसार सञ्चालनको नीति कार्यान्वयन हुँदैछ।

विद्यालयस्तरमै सुरक्षित मातृत्व, नवजात शिशु स्वास्थ्य र पोषण सेवा प्रवर्द्धन गरिँदैछ। अन्ततः 'एक विद्यार्थी एक बैंक खाता' नीतिको कार्यान्वयनमार्फत बालबालिकामा बचत संस्कारको विकास र वित्तीय साक्षरता प्रवर्द्धन गरिने लक्ष्य रहेको छ।

**स्वास्थ्य सेवामा पहुँच र गुणस्तर दुवैमा सुधार**

स्वास्थ्य कुनै पनि नगरको सामाजिक समावेशीता, आर्थिक समृद्धि र दीगो विकासको मेरुदण्ड हो । स्थानीय सरकारहरूको अधिकार विस्तारसँगै नेपालमा नगरपालिका तहमै आधारभूत स्वास्थ्य सेवाहरूको पहुँच, गुणस्तर र समावेशीतालाई केन्द्रमा राखेर काम गरिन थालिएको छ। यस सन्दर्भमा बुटवल उपमहानगरपालिका जनस्वास्थ्य शाखाले विगत केही वर्षमा देखाएको सक्रियता र नीतिगत हस्तक्षेपहरू गम्भीर मूल्याङ्कनका लागि उदाहरणीय छन् । विकेन्द्रीकृत शासन प्रणालीको मुख्य उद्देश्य जनताको नजिकबाट सेवा प्रवाह गर्नु हो । स्वास्थ्य क्षेत्रमा यो अझ संवेदनशील र आवश्यक पक्ष हो, जहाँ ढिलासुस्ती वा अनदेखीको प्रत्यक्ष प्रभाव नागरिकको जीवनसँग जोडिन्छ।

नगरबासीहरूलाई स्वास्थ्य आपत्कालमा तत्काल रक्त आपूर्ति सुनिश्चित गर्न बुटवल उपमहानगरपालिकाले नेपाल रेडक्रस सोसाइटी ब्लड बैंक बुटवल शाखासँगको सहकार्यमार्फत निशुल्क सेवा प्रदान गर्दै आएको छ। यो नीति खासगरी आर्थिक रूपमा कमजोर वर्गका लागि जीवनरक्षक सावित भएको छ। नागरिकहरूको स्वास्थ्य सुरक्षामा स्थानीय सरकार स्वयं प्रत्यक्ष रूपमा अग्रसर भई रक्त आपूर्ति जस्तो संवेदनशील सेवा निःशुल्क रूपमा उपलब्ध गराउनु स्थानीय सरकारको संवेदनशीलता र प्रतिबद्धताको प्रतीक हो ।

१८ वर्ष मुनिका एचआईभी संक्रमित बालबालिकालाई मासिक रु. ३,००० पोषण खर्च प्रदान गर्ने कार्यक्रमले बुटवल उपमहानगरपालिकाको समावेशी स्वास्थ्य दृष्टिकोणलाई स्पष्ट पार्दछ। यो नीति न केवल पोषण अधिकारको संरक्षणमा केन्द्रित छ, तर बालमैत्री शासनको उदाहरण पनि हो ।

नगर प्रमुख स्वस्थ शिशु पोषण कार्यक्रम अन्तर्गत स्वास्थ्य संस्थामा सुत्केरी भएका आमाहरूलाई वडा तहबाटै रु. २,००० दिने नीति सच्चा अर्थमा स्थानीय सरकारको मातृत्व अनुकुल नीति हो। यसले मातृ मृत्युदर घटाउनेतर्फ मात्र हैन, संस्थागत प्रसूति सेवाको प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेको छ। स्वास्थ्य संस्थामा सुरक्षित प्रसूति गराउने परिपाटी निर्माण गर्नु मातृ-शिशु जीवनको गुणस्तर बढाउने सबल कदम हो।

वडा नं. ११ र १२ का स्वास्थ्य संस्थाबाट सुरक्षित गर्भपतन सेवा शुरू गरिएको छ। यो कार्यक्रम महिलाको प्रजनन् अधिकारको सम्मान र स्वास्थ्य सुरक्षाको संवर्द्धनमा लक्षित छ । सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउनु केवल एक सेवा होइन, यो महिलाहरूको निर्णय स्वायत्तताको प्रत्याभूति हो। नेपाल सरकारको नीतिअनुसार स्थानीय सरकारमार्फत् यस्तो सेवा प्रवाह हुनु लैंगिक न्यायतर्फको सकारात्मक प्रगति हो ।

गर्भवती महिलाको स्वास्थ्य निगरानीमा अत्यावश्यक भिडियो एक्सरे सेवा बुटवल उपमहानगरपालिकाले पूर्ण रूपमा निःशुल्क प्रदान गर्दै आएको छ। यो प्रविधिको सहज पहुँचले गर्भावस्थाको जटिलतालाई पहिल्यै पत्ता लगाउन सघाएको छ। जनस्वास्थ्य नीतिमा प्रविधिको समावेशले सेवाको प्रभावकारिता बढाउनेछ भन्ने कुराको ठोस उदाहरण हो यो सेवा।

'टीबी अन्त्य २०३५' राष्ट्रिय लक्ष्यलाई सघाउँदै बुटवल उपमहानगरपालिकाले क्षयरोगमुक्त पालिका अभियान आरम्भ गरेको छ। यस अभियानअन्तर्गत जनचेतना, निःशुल्क परीक्षण, पोषण सहयोग र अनुगमनलाई समाहित गरिएको छ। यी प्रयासहरूले क्षयरोग नियन्त्रण नीतिको स्थानीयकरण भएको देखाउँछ । सन् २०८० मा बनाइएको मापदण्डअनुसार बुटवल उपमहानगरपालिकाले स्वास्थ्य संस्था दर्ता, नविकरण र स्तरोन्नतिको कार्य विधिवत अगाडि बढाएको छ। करिब ६० वटा संस्थालाई अनुमति प्रमाणपत्र प्रदान गरिनुले यो क्षेत्रीय नियमनमा सुधार भएको देखिन्छ । स्वास्थ्य क्षेत्रमा गुणस्तर कायम राख्न यस्तो नियमन अपरिहार्य हो ।

बिपन्न, कुपोषित र अति आवश्यक वर्गका क्षयरोग संक्रमित बिरामीलाई पोषण सामग्री वितरण गर्नु उपचारको सफलताको अनिवार्य पाटो हो। यसको नीति-प्रेरणा मात्र 'स्वास्थ्य सेवा' होइन, यो 'पोषण न्याय' र सामाजिक सुरक्षाको संयोजन हो ।

गर्भवती महिलालाई लक्षित गरी सुरु गरिएको निःशुल्क प्रयोगशाला सेवा गुणस्तरीय पूर्व-रोग पहिचान नीति कार्यान्वयनतर्फको ठूलो सफलता हो। मातृ स्वास्थ्य सेवामा पूर्वजानकारीले ज्यान बचाउने सम्भावना बढाउँछ, जसको आर्थिक मूल्यभन्दा मानवीय मूल्य धेरै ठूलो छ।

"बा आमा संग स्वास्थ्य" कार्यक्रमअन्तर्गत करिब २,६०० जेष्ठ नागरिकलाई स्वास्थ्य परीक्षण र उपचार प्रदान गरिएको छ । वृद्ध जनसंख्याको बढ्दो उपस्थितिमा यस्तो पहल वृद्धमैत्री शासनको संकेत हो । समाजका सबै तह र उमेरलाई ध्यानमा राख्ने जनस्वास्थ्य नीति भनेकै समावेशी नीति हो ।

बुटवल उपमहानगरपालिका देशकै केही सीमित पालिकाहरू मध्ये एक हो जसले 'पूर्ण संस्थागत प्रसूति सेवायुक्त पालिका'को मान्यता पाएको छ । यो केवल संस्थागत उपाधि होइन, नगरको स्वास्थ्य सूचकांकमा गौरवपूर्ण फड्को हो ।

शहरी स्वास्थ्य केन्द्र नं. ३ लाई किशोर किशोरीमैत्री केन्द्रका रूपमा प्रमाणीकरण गरिनु विकासोन्मुख नगरमा किशोर स्वास्थ्यप्रति ध्यान दिनु भन्ने सन्देश हो। यौनिकता, मानसिक स्वास्थ्य र पोषणको प्रश्नमा किशोर-किशोरी लक्षित कार्यक्रमले समग्र मानव विकासमा योगदान पुऱ्याउँछ।

बिपन्न नागरिकहरूमा सिफारिसका आधारमा दीर्घ रोगीहरूलाई रु. १७,००० सम्मको नगद भुक्तानी प्रदान गर्ने व्यवस्था केवल आर्थिक सहयोग होइन, यो स्वस्थ जीवनप्रति राज्यको उत्तरदायित्वको व्यवहारिक प्रतिविम्ब हो ।

बुटवल उपमहानगरपालिका अन्तर्गत १८ वटै वडामा स्वास्थ्य केन्द्रहरू संचालनमा छन्। करिब ६५ जना स्वास्थ्यकर्मी – पारामेडिक, नर्सिङ, आयुर्वेदिक र ल्याब सेवासहित – दैनिक सेवा प्रवाहमा खटिएका छन्। जनसंख्याको अनुपातमा हेर्दा यो संख्या अझ विस्तारयोग्य देखिए तापनि स्थानीय स्रोतको सीमामा भरपुर उपयोग भएको देखिन्छ।

# बुटवलको बजेट सर्वसम्मत पारित




बुटवल । बुटवल उपमहानगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट पारित भएको छ। बुधबार नगर सभाको १७औं अधिवेशनको पाँचौं बैठकले आगामी आर्थिक वर्षका लागि विनियोजन भएको तीन अर्ब ३६ करोड १३ लाख बराबरको बजेट सर्वसम्मत पारित गरेको हो ।

बजेटसँगै बुटवल उपमहानगरपालिकाको सभाले बुटवल उपमहानगरपालिकाको स्थानीय सवारी साधन व्यवस्थापन तथा नियमनसम्बन्धी विधेयक, भाषा संस्कृति र ललितकलासम्बन्धी विधेयक पारित गरेको छ।

सभामा विधायन समिति, न्यायिक समिति, अनुगमन मूल्यांकन तथा सुपरिवेक्षण समिति, लेखा समिति, जाँचपास तथा फरफारक समिति र सुशासन समिति प्रतिवेदन पारित भएको छ।

सभाको समापनका अवसरमा बोल्दै बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले बुटवललाई समानता स्वाभिमान र अवसरसहितको बस्नयोग्य शहर बनाउनका लागि सबैको सहकार्य जरुरी रहेको बताए। उनले नगरलाई सफा स्वच्छ र सुन्दर नगर बनाउने उदेश्यका साथ काम गरिरहेको बताए। उनले आगामी वर्षलाई शिक्षा, स्वास्थ्यका साथसाथै पर्यटन र कृषिलाई प्राथमिकताका साथ कार्यक्रम तय गरिएको जनाए। उनले बुटवललाई भौतिक पूर्वाधार विकासमा मात्रै नभई मानव संसाधनको विकासमा समेत अग्रणी शहर बनाउने गरी योजनाहरु ल्याएको बताए।

आगामी आर्थिक वर्षमा करिब १० हजार भूमिहिन र सुकुम्बासीलाई लालपूर्जा वितरण गर्ने गरी बुटवल उपमहानगरपालिकाले नापजाँचमा लगानी गरेको र सोही अनुसारको जनशक्ति परिचालन गरेको उनले बताए।

सभामा बोल्दै उनले बुटवलबाट प्रदेशको राजधानी सार्ने क्रममा बुटवललाई प्रदेशकै आर्थिक केन्द्र बनाउने भनिए पनि कुनै कार्यक्रम नआएकाले प्रदेश र संघ सरकारको ध्यानाकर्षण गराउने र बुटवललाई आर्थिक केन्द्र बनाउनका लागि अगुवाइ गर्ने बताए।

सभामा बोल्दै उपप्रमुख सावित्रादेवी अर्यालले बुटवललाई सबल र सम्पन्न सहर बनाउनका लागि सबै क्षेत्रको साथ आवश्यक रहेको बताइन्। उनले हालसम्म भएका उपलब्धिलाई अझ परिस्कृत गर्दै अगाडि बढ्ने जनाइन्।

बुटवल उपमहानगरपालिकाले असार ५ गते नीति तथा कार्यक्रम प्रस्तुत गर्दै जनशक्ति उत्पादनमा विशेष जोड दिने लक्ष्य अगाडि सारेको थियो।

प्रमुख पाण्डेयले नीति तथा कार्यक्रम प्रस्तुत गर्दै बुटवललाई पर्यटकीय विश्राम स्थल बनाउनका लागि लुम्बिनी आउने बौद्ध धर्मावलम्बी र मुक्तिनाथ जाने हिन्दुधर्मावलम्बीको विश्राम स्थलका रूपमा स्थापित गर्ने नीति लिएको बताएका थिए।

बुटवलका गृहिणी महिलाहरूलाई रोजगारसँग जोड्दै स्वरोजगार बनाउन नगरप्रमुख गृहिणी महिला रोजगार कार्यक्रमअन्तर्गत उत्पादित वस्तुको उत्पादन र बिक्री केन्द्र (कोसेली घर) स्थापनामा जोड दिइने नीति तथा कार्यक्रममा उल्लेख छ।

साथै, नवलपरासीको बर्दघाटदेखि दाङसम्मका सडकमा रहेका छाडा पशु चौपायाहरूको व्यवस्थापनका लागि गाईराष्ट्रिय निकुञ्ज निर्माण गर्न लुम्बिनी प्रदेश सरकार र सम्बन्धित स्थानीय सरकारहरूसँग समन्वय गरिने पनि उल्लेख छ । 'घुमौं बुटवल' भन्ने अभियानअन्तर्गत यसै आर्थिक वर्षलाई बुटवल भ्रमण वर्ष घोषणा गरी आन्तरिक र बाह्य र्यटकको आगमनलाई वृद्धि गर्नका लागि अभियानहरू सञ्चालन गरिने नीतिमा उल्लेख छ। पर्यटकीय स्थलहरूको पहिचानलाई व्यापक बनाउनका लागि आवश्यक स्थानमा डिजिटल डिस्प्ले र प्रचार सामग्रीहरू निर्माण गरिनेछ।

असार १० गते बजेट पेश गर्दै उपप्रमुख सावित्रादेवी अर्यालले कुल बजेटमा चालूतर्फ ४९ प्रतिशत र पुँजीगततर्फ ५१ प्रतिशत रहने बताइन्। बजेटमा शिक्षा, स्वास्थ्य, रोजगार, पर्यटन र कृषिलाई प्राथमिकता दिइएको छ । आगामी आर्थिक वर्षमा ९५ करोड आन्तरिक आय हुने अनुमान उनले पेस गरेकी थिइन् ।

बजेटमा निजी क्षेत्रसँग सहकार्य गरी कार्यक्रम सञ्चालनका लागि एक करोड, पर्यटन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्न ५० लाख र बुटवललाई सांस्कृतिक सहर बनाउन १ करोड १५ लाख रुपैयाँ विनियोजन भएको छ।

विद्यालयहरुको सुधार र न्यूनतम मापदण्ड पूरा गर्न ६ करोड, कृषि सुधारमा एक करोड, छात्राहरुलाई निःशुल्क अध्ययनका लागि ५० लाख, विपन्न वर्गका बालबालिकाको पोशाक र शैक्षिक सुधारका लागि ३० लाख, सामुदायिक विद्यालयमा डिजिटल लर्निङ पोर्टल र कम्प्युटर शिक्षा सुधारका लागि एक करोड, स्थानीय पाठ्यक्रमलाई सुधार गर्न ७० लाख बजेट विनियोजन भएको छ।

यस्तै ज्येष्ठ नागरिक र असहायहरुलाई घरदैलोमा स्वास्थ्य सेवा पुऱ्याउने कार्यक्रमका लागि ९० लाख, महिलाहरुको पाठेघर, स्तन क्यान्सर, भिडियो एक्सरे र अन्य स्वास्थ्य परीक्षणका लागि ३० लाख, बुटवल १३ र १७ मा निर्माण भएका अस्पताल सञ्चालन तथा व्यवस्थापनका लागि ६० लाख बजेट विनियोजन भएको छ।

झुम्सा खानेपानी बुटवलमा ल्याउन पाल्पाको तिनाउ गाउँपालिकाको मुहान क्षेत्रको विकासका लागि दुई करोड, गृहिणी महिलाहरुलाई रोजगारसँग जोड्ने कार्यक्रमका लागि तीन करोड, उद्यमी महिलाहरुका लागि ७० लाख, दलित समुदायका परम्परागत पेशालाई सीप विकास केन्द्रका रुपमा सञ्चालन गर्न ८५ लाख, बुटवल क्षेत्रको मुख्य सडक र भित्री सडकहरुलाई हरियाली बनाउँदै सौन्दर्यीकरण गर्न तीन करोड, जितगढी किल्ला नजिकै आरती केन्द्र निर्माणका लागि पाँच करोड र गौशाला व्यवस्थापनका लागि १ करोड बजेट विनियोजन भएको उप-प्रमुख अर्यालले बताइन्।

किसानहरुका समूहलाई उपकरण खरिदमा अनुदान दिन एक करोड, दुग्ध उत्पादक किसानहरुलाई प्रोत्साहनस्वरुप अनुदान दिन ५० लाख, कालिकापथ, अमरपथ र ट्राफिक चोकमा रात्रिकालीन बजार सञ्चालनका लागि ५० लाख विनियोजन भएको छ।

यस्तै अव्यवस्थित बसोबास र सुकुम्बासी क्षेत्रको नापजाँचको व्यवस्थापनका लागि एक करोड ५० लाख, पुनः नापी गर्न २ करोड रुपैयाँ विनियोजन भएको छ।

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com